# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (अट्ठाइसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७८।०६।०५ गते

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सर्वप्रथम सून्य समय प्रारम्भ हुन्छ । सून्य समयमा बोल्न चाहने माननीय सदस्यहरूको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ–आफ्नो भनाई राखु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय डा. पुष्पा केसी भण्डारी, कास्की ।

**माननीय डा. पुष्पा केसी भण्डारी**

माननीय सभामुखज्यू, गण्डकी प्रदेशको गएको वर्षको बजेटमा बालबालिकाहरूका लागि बालिकाहरुका लागी आत्मरक्षा सम्बन्धी खेलको प्रशिक्षण दिने भनेर सानो भए पनि बजेट राखेर थालनी गरिएको थियो । यो बर्षको बजेटमा मैले यो शिर्षकलाई नियाँलेर खोज्दा पनि भेट्न सकिन  तर यो शीर्षक गत वर्ष बजेटमा राखिएको, यो वर्ष हटाउन भनेर थिएन वल्की त्यसको आकारमा वृद्धि गरी ११ वटै जिल्लामा विस्तार गरी छोरीहरूको स–साना जोखिमहरूबाट आफै पनि जोगिन सकिउन् भन्ने मनसायका साथ पूर्व सामाजिक मन्त्रीको पहलमा महिला माननीयहरूको सुझावमा पूर्व सरकारले यसलाई रातो कितावमा स्थान दिएको थियो । यो वर्ष बजेट स्थापित हुँदै जानेछ भन्नेमा हामी

विश्वस्त थियौं तर यो गठवन्धनको सरकारले पूर्व सरकारका सबै असल कामहरूलाई किनारा त लगाएकै थियो, छोरीहरूको जीवन रक्षामा महत्व राख्ने यो खेल समेत हटाएर आफ्नो सरकार कति बालबालिका मैत्री रहेछ भन्ने पनि प्रष्ट पार्यो । सभामुख महोदय, सरकार सब्दमा होइन व्यवहारमा बालिका मैत्री हुनु पर्दछ भन्दै यस खेलको निरन्तरताको निम्ति सभामुखज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउँदछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री भागवत प्रकाश मल्ल, स्याङ्जा ।

**माननीय सदस्य श्री भागवत प्रकाश मल्ल**

माननीय सभामुख महोदय, स्याङजा जिल्ला गल्याङ न.पा. वडा नं. ३ लल्याङ भन्दा तल यो ठुलो भर्ला भन्ने ठूलो पहिरो छ, पहिरो माथि ७५—८० घर बस्ती छ र यो वस्ती बचाउनको लागि पहिरो व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरी यसलाई पूरा गर्न सरकारसँग अनुरोध गर्न चाहन्छु । त्यस्तै यो गल्याङ चापाकोट सडक ३० वर्ष देखि अलपत्र छ, यो सिद्धार्थ राजमार्ग जोडेर २ स्थानीय तह गल्याङ र चापाकोट जोडने यसमा ५ कि.मि. को टेण्डर भए पनि यो अहिलेसम्म काम शुरु भएको छैन। हिलाम्मै भएर हिडि साध्य पनि छैन ।

त्यसो हुनाले त्यो भन्दा अगाडि १८ कि.मि. सडक म्एच् भएको भन्ने सुनिएको छ । त्यो कहाँसम्म पुगेको छ थाहा छैन र त्यसलाई पनि छिटो भन्दा छिटो यो म्एच् लाई पनि पुरा गरेर टेण्डर गराउन यो काम अगाडि बढाउन म सरकार समक्ष म विनम्र आग्रह गर्दै सरकारको यो काम अगाडि बढाउन अनुरोध गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने, नवलपरासी ।

**माननीय विष्णु प्रसाद लामिछाने**

सभामुख महोदय, हालै भाषा आयोगबाट सिफारिस गरिएको कामकाजी भाषामा गण्डकी प्रदेशको गहनाको रूपमा रहेका थारुहरूको भाषा कामकाजी भाषाको रूपमा सिफारिसमा नपरेको प्रदेशको समग्र जनसंख्याको आधारमा सिफारिस हुन नसके पनि सिंगो गण्डकी प्रदेशको एउटै मात्र जिल्ला नवलपुरमा थारुहरूको उल्लेख्य संख्यामा बसोवास भएको हुँदा त्यो थारुहरूको भाषा थारु भाषालाई विशेष गरेर यस प्रदेशमा विशेष व्यवस्था सहित सिफारिसको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सावित्रा राना, बाग्लुङ ।

**माननीय सावित्रा राना**

सभामुख महोदय, हिजो बेलुका करिव ६ बजेतिर परेको चट्याङले वाग्लुङ जैमिनी नगरपालिका ७ वहीमा चट्याङ लागेर वर्ष ५९ का मम बहादुर सार्कीको मृत्यु भएको छ । तीन जना घाइते विपना नेपाली, सविन नेपाली, लाल बहादुर नेपाली घाइते भई वाग्लुङ अस्पतालमा उपचार भइरहेको छ । एउटा भैंसी मरेको छ । उक्त घटनाको यथाशक्य छिटो स्थलगत अनुगमन गरी पीडितलाई राहत र घाइतेलाई उपचारको व्यवस्थाको लागी म सभामुख मार्फत प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, शुन्य समयमा बोल्ने माननीय सदस्यहरूको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र

माननीय सदस्यहरूले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री नरदेवी पुन। समय ७ मिनेट

**माननीय सदस्य श्री नरदेवी पुन**

माननीय सभामुखज्यू, अघिल्लो सरकारले दुर्गम र हिमाली जिल्लामा नमुना आवासिय विद्यालय बनाउने कामको थालनी गरेको थियो । यस वर्ष सबै विद्यालयहरूलाई १ करोड ५० लाख बजेट भए सबै आवासिय विद्यालय सम्पन्न हुने भएकोले अघिल्लो सरकारले सवै आवासिय विद्यालय बनाउन १ करोड ५० लाख बजेट व्यवस्था गरेको थियो तर नयाँ सरकार परिवर्तन भयो र सरकार परिवर्तन भएसँगै नमुना आवासिय विद्यालयको बजेट घटेर जम्मा १० लाख पुगेको छ । नमुना आवासिय विद्यालयको निर्माणका लागि छुटयाइएको बजेट घट्नुको कारण बुझ्दा शैक्षिक गुणस्तर कायम गर्न प्रदेश सरकारको अधिकार क्षेत्र भएकोले विद्यालयको भवन बनाउने बजेट काटिएको जानकारी प्राप्त भएको छ ।

त्यसो हो भने नेपाल शमशेर मा.वि. गैंडाकोट-१ लाई भवन निर्माणको लागि १० लाख, शान्ति सिर्जना आ.वि.देवचुली-४ लाई १० लाख र शहिद शुक्र प्रा.वि. वुलिङटार २ लाई भवन निर्माणको लागी १० लाख किन राखिएको छ सरकार ? यसको उत्तर पाउन म आत्तुर छु । यही सरकारले प्रस्तुत गरेको नीति कार्यक्रमको बुँदा नं.३१ मा प्रत्येक निर्वाचन क्षेत्रमा आवासिय विद्यालय संचालन र व्यवस्थापनको लागि नीतिगत व्यवस्था गरिने छ भनेको छ । त्यसो भए सरकारले प्रस्तुत गरेको नीति कार्यक्रम बेठिक छ त ? होइन भने आफ्नै सरकारले प्रस्तुत गरेको नीति छोड्न पाइन्छ कि पाइँदैन ? नीति विरुद्ध बोल्न पाइन्छ कि पाइँदैन मैले प्रदेश सरकारको जवाफको अपेक्षा गरेको छु । यो सरकारले शैक्षिक गुणस्तर सुधार गर्नु आफ्नो कार्यक्षेत्र हो भनेको छ । त्यसो हो भने अघिल्लो सरकारले प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएको थियो र यसको आधारशीला विद्यार्थीहरू हुन भन्ठानेको थियो।

सोही अनुसार विद्यालयहरूमा पढाइने विज्ञान र गणित विषयमा धेरै विद्यार्थीहरू असफल हुने हुँदा यी विषयहरूमा धेरै भन्दा धेरै विद्यार्थीहरू पास गराउनको लागि गण्डकी प्रदेशको ११ वटै जिल्लामा फिजिक्सबाट एमएसी गरेको जनशक्ति राखेर विज्ञान र गणित विषय शिक्षण सिकाई कृयाकलाप सहजीकरण गर्ने र यही विषयमा तालिमहरू सम्बन्धित जिल्लामा गोष्ठीहरू संचालन गर्ने गरी कार्यक्रमको व्यवस्था गरेको थियो । तर यो सरकारले त्यो बजेट काटेको छ त्यसैले शैक्षिक गुणस्तर यो सरकारले कसरी कायम गर्न सक्छ यसको व्यवस्था कसरी व्यवस्था गर्न सक्छ म यो सरकारलाई राख्न चाहन्छु ।

अघिल्लो सरकारले गण्डकी प्रदेशको दुर्गमा ठाउँमा संचालित आवासिय विद्यालयलाई आवास संचालन खर्च व्यवस्थापन गरेको थियो । तर हालको सरकारले गोर्खा जिल्लाको धार्चे गाउ पालिकामा रहेको प्रभा किरण मा.वि. लाई मात्र संचालन खर्चको व्यवस्था गरेको छ । विभेद किन गरेको छ ? त्यसैले अन्य विद्यालयलाई पनि तुरुन्तै संचालन खर्चको बजेट व्यवस्थापन गर्नेको लागि प्रदेश सरकार समक्ष म माग गर्दछु । सँगै अहिले हाम्रो गण्डकी प्रदेशको ११ वटै जिल्लाहरूमा सामाजिक विकास कार्यालय स्थापना भएको छ ।

सामाजिक विकास कार्यालयको स्थापनाको मूल उद्देश्य, शिक्षा, महिला, बालबालिका, अपांग, जेष्ठ नागरिक, श्रम र रोजगार विषयलाई आफ्नो अधिकार क्षेत्र आफ्नो कार्यक्षेत्र बनाएर यो कार्यालय स्थापना गरेको छ तर यो सरकारले मुर्दाघाट बनाउने बजेट पनि त्यही कार्यालयलाई दिएको छ, विद्यालय बनाउने बजेट पनि त्यही कार्यालयलाई दिएको छ, स्वास्थ्य चौकी बनाउने बजेट पनि त्यही कार्यालयलाई दिएको छ । यो कार्यालयको अधिकार क्षेत्र हो कि होइन ? यो कार्यालय त्यो काम गर्ने अधिकार छ कि छैन ? त्यो काम गर्ने जनशक्ति छ कि छैन ? प्रदेश सरकार म यसको जवाफ चाहन्छु । संगै हामीले २०७६ साल माघको ९ गते पहिलो पटक नेपालमा प्राणघातक रोग कोरोनाको विरामीको पत्ता लागेको थियो । त्यतिबेला हामीसँग जनशक्ति र स्रोत

साधनको कमी थियो । तर पनि प्रदेश सरकारले न्यून स्रोत साधन र जनशक्तिको अधिक उपयोग गर्दै

नागरिकको सेवामा जुटेको थियो । कोरोनाको विरामीलाई नभई नहुने अक्सिजन उत्पादनको लागि प्रत्येक अस्पतालमा अक्सिजन प्लाण्टको व्यवस्था गरेको थियो । जनशक्तिको व्यवस्थापन ल्याव स्थापना र संचालन, स्वास्थ्य सामग्रीको संचालन लगायतका धेरै कामहर गरेको थियो। त्यतिमात्र होइन, श्रावण १ गते पोखरा महानगर पालिका वडा नं.३० मा रहेको सामुदायिक लायन्स अस्पताललाई प्रदेश सरकारको मातहतमा ल्याएर त्यसमा कोभिडका विरामीहरूलाई उपचार गर्ने व्यवस्था गरेको थियो । त्यतिबेला सायद आजको यो पहिलो रोमा बस्ने सायद माननीयज्यूहरूले पटक पटक कुरा उठाउनु भएको थियो । जनता कोभिडबाट मर्न वाध्य छन्। प्रदेश सरकारले जनताको जीउधनको सुरक्षा गर्न सकेको छैन ।

त्यसो भएको कारणले गदाखेरी माननीयज्यूहरूको आफूले पाउने सेवासुविधा पनि कटौती गर्ने भनेर तयार छौं बोल्नु भएको थियो । तर आज म दुःखी छु, बोल्ने माननीयज्यूहरु आज सत्ता पक्षको रोमा हुनुहुन्छ । तपाईंहरूले आजैको यो सभामा प्रदेश सभाको पदाधिकारीहरुको सेवा सुविधा बढाउने गरी जुन विधेयक ल्याउनु भएको छ त्यसमा म दुःखी छु । तपाईंहरू हिजो विपक्षिको बेन्चमा बस्दाखेरी प्रतिपक्षको बेन्चमा बस्दाखेरी जे कुरा तपाईंले उठाउनुभएको थियो, सत्तापक्षमा बस्दा पनि त्यसरी नै गम्भिर हुन जरुरी छ । त्यसैले यतिबेला यो सरकारले यो विधेयक ल्याउन आवश्यक थियो कि थिएन ? यो वहसको विषय छ । हामी प्रतिपक्षमा रहेका माननीयज्यूहरूले यो अहिले पनि नागरिकहरू कोरोनाबाट मर्न वाध्य छन् । अहिले पनि देश कोरोनाबाट आक्रान्त छ । यस्तो बेलामा त्यो विधेयक ल्याउन आबश्यक थिएन । त्यसैले प्रदेश सरकारलाइ प्रदेश सत्ता पक्षका माननीयज्यूहरुलाई म प्रष्ट गर्न चाहन्छ। सत्तामा रहंदा एउटा र प्रतिपक्षमा रहंदा अर्को यो द्वैध चरित्र देखाउन जरुरी छैन । त्यसैले प्रदेश सरकार समक्ष फेरी पनी म यो कुरा राख्दै मैले आफ्ना भनाइलाई अन्त गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब माननीय सदस्य श्री धनमाया पोखरेल लामा, समय ५ मिनेट

**माननीय सदस्य श्री धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय,अहिले बजारमा हेर्ने हो भने मूल्य वृद्धिले आकाश छोएको छ। दैनिक उपभोग्य वस्तु खाद्यान्न सामग्रीमा २७ प्रतिशतले मूल्य वृद्धि भएको छ। मैले यो प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु कि प्रदेश सरकार गण्डकी प्रदेशको राजधानीमा छ कि कुन क्षेत्रमा छ ? यसको एकिन गर्न म प्रदेश सरकारलाईनै अनुरोध गर्दै र गण्डकी प्रदेश भित्र रहेको जस्तै, हिमाली जिल्ला गोर्खा, म्याग्दी, वाग्लुङ, मनाङ र मुस्ताङ लगायतका क्षेत्रमा बाढीपहिरोको कारण जनजीवन प्रभावित भई अझै पनि जुन गोर्खाको चुमनुब्री गाउंपालिका र मनाङको मार्फाभूमि गाउंपालिका अझै पनि सडक सञ्जालले छोएको छैन ।

गण्डकी प्रदेशभित्रको स्थानीय तहको जुन २ वटा गाउं पालिका हो, यसमा अझै पनि सडक सञ्जालले छुन नसकेको अवस्थामा एक मात्र पैदल यात्राको बाटो हो त्यो पनि अबरुद्ध भएको अवस्थामा छ र जनजीवन एकदमै प्रभावित छ । गण्डकी प्रदेश सरकार त्यो ठाउंमा विगत दिनमा १ महिना अगाडि त्यो ठाउँमा पुग्यो, कसरी पुग्यो भने हेली मार्फत पुग्यो । त्यहाँको जनताको वास्तविकता के हो हामीले आकाशबाट हेरेर त्यहाँको जनताको वास्तविक केलाउन सकेको हो भने अहिले ३ महिना वितिसक्दा पनि गण्डकी प्रदेश सरकारले त्यहाँको जनतालाई निम्ति राहत उपलव्ध गराउन किन सकेन ? अब हामी नपालीहरूको महान चाड दशै, तिहार, लगायत छठ र ल्होसारहरु लगातार रुपमा अगाडी आइरहेको अवस्थामा गण्डकी प्रदेश सरकारले जनतासँग हिजो चुनावको बेलामा र सत्ता गठवन्धन बनाउनको निमित्त गरेको वाचाहरू कहाँ गएर पूरा गर्ने हो ? यसमा पनि ध्यानाकर्षण गराउन चाहन्छु ।

हुन त यो सरकारसँग त्यति धेरै अपेक्षा छैन, किनभने जनतासँग एउटा कुरा बोल्ने र यहाँ हाम्रो कार्यशैलीहरू विभिन्न खालको देखाउने कारणले गर्दा धेरै अपेक्षा नभए पनि

हामी जन प्रतिनिधिहरूको भूमिका के हुन्छ भने संसदलाई र सरकारलाई झकझकाउने र जनताका आवाजहरू बोल्ने भएको कारणले विशेष गरी हामीले गण्डकी प्रदेश सरकारलाई कहाँनिर ध्यानाकर्षण गराउन चाहैं भने मैले म हिमाली जिल्ला गोरखाबाट प्रतिनिधित्व गर्ने भएको कारणले हामीले गण्डकी प्रदेशको राजधानी पोखरालाई मात्रै हेरेर हामीले कार्यक्रमहरू अगाडी सार्ने होइन र यस गण्डकी प्रदेशले ११ वटै जिल्ला समेटेको छ र आगामी दिनमा हामीले त्यहाँको जनताको वास्तविकता के हो ?

हामीले एउटा निर्णय यो शहरमा बसेर गर्छौं र त्यो जनताको आवश्यकता के हो ? त्यो बुझ्न सकिरहेको छैन । वास्तविक रुपमा जनताको वास्तविकता आवश्यकता यो सरकारले नेतृत्व गर्ने मन्त्रीहरूले त्यहाँको जनधारणा र त्यहाँको भूगोललाई चिनेर नीति र कार्यक्रम बनाउन र हामीले दिने योजनाहरु त्यसरी अगाडि बढाउन र लगत्तै हाम्रो गोरखा जिल्ला भर्खरै सिद्धेको छ । अझै पनि हिमाली जिल्ला लगायत थुप्रै गण्डकी प्रदेश खासगरी हिमाल, पहाड र तराई जोडेको छ । तराइ एकदमै एकदमै थोरै भूगोल छ हामीसंग हिमाल र पहाड मिलेर ४ वटा जिल्ला गरेर बनेको छ । विशेष गरी हिमाली जिल्लाहरुमा बाटोघाटो एकदमै अवरुद्ध भएकोले जनजीवन एकदम कष्टकर भएको अवस्था यो गण्डकी प्रदेशको सरकारलाई ध्यानाकर्षण गराउँदै सबैभन्दा पहिला यो हिमाली जिल्लाहरूमा बाटाघाटो खोल्न र हाम्रो महान चाड नजिकै आउंदै गरेको छ ।

हामी यहां चाडपर्वहरु हर्षोल्हाका साथ चाडपर्वहरु मनाई रहंदा शुभकामना आदान प्रदान गरी रहंदा त्यहांका जनतालाई सम्झेर छिटो भन्दा छिटो अब हामीसँग करिव करिव १५ दिन बाँकी छ यो भित्रमा गोर्खा, मनाङ, मुस्ताङ, वाग्लुङ, बेनी लगायतको ठाउंहरुमा म्याग्दी जिल्लाको विकट भूगोलहरुमा गण्डकी प्रदशेमा सरकार भर्खरै बनेको सरकार छ है, गठवन्धनको सरकार छ है भन्ने प्रत्याभूत दिलाउने हिसावले गण्डकी प्रदेश सरकारले काम गरेछ भने त्यति बेला वाह वाह भनौंला, होइन भने हामीले बारम्बार गण्डकी प्रदेशलाई झकझकाउने काम निरन्तर रहनेछ र संगसंगै हिजो मात्रै गण्डकी प्रदेश सरकारले १०० दिन पूरा गर्यो । त्यो किताव हेर्यौं । किताव त

भरिभराउ छ तर १०० मा ० घटाएर १० वटा काम आहा भन्ने लायकको मैले केही देखिन । अझै पनि करिव करिव हामीसँग १६ महिना छ १६ वटा राम्रा काम गरेर देखाउनु होला अनि मात्र वाह वाह पाउने छ । गण्डकी प्रदेश सरकार रहेछ भनौला अनि आम गण्डकी प्रदेशको करिव करिव २६ लाख जनताको प्रत्याभूनि गर्ने काम गण्डकी प्रदेश सरकारले गर्नु होला भन्ने विशेष अनुरोध गर्दै मेरो भनाई यहीँ अन्त्य गर्दछु । हवस्त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारी, समय ५ मिनेट ।

**माननीय सदस्य श्री राजीव पहारी**

माननीय सभामुख महोदय, बोल्न पर्ने धेरै विषयवस्तुहरू छोटिएको छ । पूर्ववक्ता माननीयज्यूले धेरै महत्वपूर्ण कुराहरू राखिसक्नु भएको छ । पहिलो फेवतालको संरक्षणको निम्ति गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको साझेदारीमा फेवातालको माथिल्लो तटिय क्षेत्रमा चेकड्याम निर्माण भएको थियो र त्यो चेकड्यामले फेवातालको संरक्षणको निम्ति धेरै महत्वपूर्ण भूमिका खेलेको थियो । अहिलेको वर्षातमा अत्यधिक धेरै पानी पर्यो ।

विगत ३० वर्ष सम्म नपरेको पानी यो वर्षमा पर्यो जसको कारणले पानीको वहाव सोचे भन्दा ठूलो आएको कारणले वा अरु के हो त्यसको छानविन हुंदैछ । एउटा चेकड्याम भत्केको छ र त्यो चेकड्याम भत्केको कारणले ठूलाखेत, नयाँबस्ती लगायतका वस्तीहरू जोखिममा रहेको अवस्था छ । तसर्थ ती वस्तीहरूको संरक्षण गर्नको निम्ति म गण्डकी प्रदेश सरकारलाई माननीय सभामुख मार्फत अनुरोध गर्न चाहन्छु । दोस्रो आर्थिक चलायमान मन्द मन्द गतिमा चलायमान हुने अवस्था छ । यो पर्यटकहरू आउने क्रम अलि अलि शुरु भएको छ तर भ्याक्सिन लगाएका पर्यटकहरूलाई पनि १४ दिन क्वारेन्टाइनमा बस्ने खालको व्यवस्था गर्दाखेरी पर्यटक आउने अवस्थामा धेरै कमी हुनेछ । तसर्थ, भ्याक्सिन लगाएका पर्यटकहरूलाई ७२

घण्टे पिसिआर रिपोर्ट सहित अनेराइवल भिसा उपलव्ध गराउँदै पर्यटन लगायत अन्य क्षेत्रहरूलाई सुचारु गर्नको निम्ति म माननीय सभामुख मार्फत गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को हुन त नेपाल प्रहरीले पोखरामा कास्कीमा दशौं वर्ष अगाडिका अपराधीहरूलाई पनि समात्ने र कानूनको दायरामा ल्याउने काम गरेको छ तर अहिले घटना कस्ता कस्ता घटदैछन भने सभामुख महोदय, केही दिन अगाडि पोखरामै ४८ वर्षिया महिलालाई ढुंगाले हानेर वेहोस बनाई गहना लुटिएको छ दुवै कान काटेर आधा आधा तोलाको २ वटा वेरुवा रिङ गहना लिएर भागेको अवस्था छ । अब अहिले यो नयाँ नयाँ खालका प्रकृतिका घटनाहरू घटिरहेका छन् । त्यो संखुवासभाको घटनाले पनि हामीलाई देखाउँछ । यसको निम्ति खास गरेर त्यो अपराधीहरू पत्ता लगाउन, शान्ति सुरक्षालाई सुदृढ गर्नको निम्ति अर्को प्रभावकारी माध्यम भनेको त्यो सिसी क्यामरा पनि हुँदो रहेछ खास गरेर पोखराका महत्वपूर्ण ठाउंहरुमा गण्डकी प्रदेशका महत्वपूर्ण ठाउँहरूमा सिसी क्यामरा राखियो भने यस्ता घटनाहरू घट्ने क्रममा पनि कमी हुन आउने छ किनभने अपराधीहरू डराउने, भयभित हुने वा घटना घटे पनि तुरुन्त समाउन सकिने अवस्था हुन्छ किनकी अहिले पछिल्लो चरणमा कोभिडको कारणले अर्थतन्त्र ठप्प भयो, वेरोजगारीहरूको संख्या बढ्दै गएको अवस्था छ त्यसो भएर विभिन्न खालका नयां नयां घटनाहरू घटिरहेका छन ।

यसको रोकथामको निम्ति सबै ठाउहरुँमा सिसि क्यामेरा राख्नको लागि, अब यो ३ महिनामा प्रदेश सरकार कहाँ छ भनेर खोज्नु पर्ने स्थिति छ । कम्तिमा ५—७ करोड खर्च गरेर यो गण्डकी प्रदेश भरी यो सिसि क्यामरा राखियो भने कमसे कम एउटा भए पनि काम गरिदिएको भए कमसेकम प्रदेश सरकार यहाँ रहेछ भनेर एउटा मात्रै भए पनि प्रशंसा गर्ने ठाउँ हुने थियो यो अनुरोध गर्न चाहन्छु । अर्को ट्राफिक लाइट त्यो मैले हिजो पनि राखें ट्राफिक व्यवस्थापन अस्तव्यस्त छ प्रदेश राजधानी मै सक्न्छि भने यो दशैं अगाडि ट्राफिक लाइट राख्न पाए हुन्थ्यो । अर्को अहिले पोखराका महत्वपूर्ण बाटाहरु देखिरहेका छौं हामीहरुले खानेपानीको लाइन विस्तार गर्ने भनेर ती

बाटाहरू खनिएको छ, हिलाम्मे र धुलाम्मे भएको छ । तपाईं हामीले प्रदेश सभा सचिवालय नदीपुर जाने हो पुरै बाटो बल्क छ भने पूरै खनेको अवस्था छ। अब अहिले फेरी खानेपानीको पाइपलाइन विस्तार गर्ने त्यसपछि फेरी पीच गर्ने फेरी केहि समय पछि पोखरामा विद्युत अण्डरग्राउण्ड गर्ने भन्ने कुराहरू आइरहेको छ,। त्यसपछि फेरी टेलिकमको कुरा आउला त्यसमा कतिपय विकासका अड्डाहरू, मन्त्रालयहरूको बिचमा समन्वय गरेर न्यूनतम पनि टेलिकम, खानेपानी, विद्युतको बिचमा कोर्डिनेशन गरेर एकैचोटि समन्वयमा काम हुंदा राम्रो हुने थियो ।

यसमा म सरकारको गम्भिरतापूर्वक ध्यानआर्किष्ट गराउन चाहन्छु । अर्को कुरा अघि नै कुरा आइसक्यो । चाडवाड हाम्रो सम्मुख उपस्थित भएकोे छ । मूल्यवृद्धि व्यापक छ, कृत्रिम अभाव व्यापक छ । अखाद्य वस्तुको दबदवा व्यापके छ । अर्को कुरा अहिले फेवातालको किनारमा फेवातालको माछा भनेर जनकपुरको माछा बेच्ने चलन चलेको छ । त्यहाँका जलारी समुदायले आन्दोलन पनि गर्नु भयो केहि समय अगाडी सम्माननीय मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाउनु भएको भन्ने कुरा पनि सुन्नमा आएको छ । कम्तिमा यो अखाद्य बस्तुहरुको नियन्त्रण गर्नको निम्ति सरकारले प्रभावकारी ढंगबाट भूमिका खेलोस भन्ने अनुरोध गर्न चाहन्छु ।

अर्को हिजो केपी ओली सम्मानीय प्रधानमन्त्री हुँदा उहाँको नेतृत्वमा तत्कालीन सरकारले भारतले अतिक्रमण गरेको गुमेको भूमि कालापानी, लिपुलेक, लिम्पियाधुरा सहित समेटेर नक्सा जारी गर्दाखेरी यो नक्कली राष्ट्रवाद हो भनेर बोल्ने राजनैतिक पार्टीका व्यक्तित्वहरू नै अहिले सत्तामा हुनुहुन्छ । चाहे संघमा होस चाहे प्रदेशमा होस । संघमा त परमादेशले बनेको सरकार हो राजनीतिक यो प्रदेशमा चाहिँ प्रदेश सभाले बनाएको सरकार हो ।

अब त्यो चुच्चे नक्शा नक्कली राष्ट्रवाद हो भन्ने, त्यो भूमि नै चाहिन्छ भन्ने व्यक्तित्वहरूको पार्टी अहिले सत्तामा छ। चाहे संघमा होस चाहे प्रदेशमा होस । यो जनगणना शुरुवात हुँदैछ ती कालापानी, लिपुलेक, लिंपियाधुरा सहितका भूभागमा पनि जनगणना गर्ने काम गरेर यो नेपाली काँग्रेसको नेतृत्वमा रहेको महा गठनवन्धको सरकारले सक्कली राष्ट्रवाद

काम गरोस् त्यो हेर्ने खुब इच्छा जागिरहेको छ । त्यो सक्कली राष्ट्रवाद देखिन पाइयोस् । म यो आग्रह अनुरोध गर्न चाहन्छु सभामुख मार्फत सरकारलाई । हिजो सरकारको १०० दिनको एउटा पुस्तक हात पनि पर्यो । अब पुस्तक पढ्दा एकजना विद्वान माननीयज्यूले भने जस्तै १०० मा ० फालेर १० मात्रै भइदिए हुन्थ्यो, अगाडिको १ फालेर जिरो जिरो हुने जस्तो स्थिति हो कि?

यो पढ्दा मजा आएको छ । हुन त यहाँ आचारसंहिताको कुरा छ । तर अलिकति कम्तिमा अर्को कुरा हिउँदे सदन सुरु हुँदाखेरी कम्तिमा सरकारले प्रदेश सरकारले यी यी ठाउंहरुमा कामहरु भए हामी जनप्रतिनिधिले उठाएको कुराहरु सम्बोधन भए भन्ने कुराको अनुभूति हुन पाओस र कम्तिमा २, ४ वटा कुरामा भए पनि सरकारले यो काम राम्रो गरेछ भनेर बोल्न पाउने खालको वातावरण सरकारले प्रदेश सरकारले मिलाउने छ भन्ने कुरा माननीय मुख्यमन्त्री माननीय सभामुख मार्फत म मुख्यमन्त्री सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू,विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्य, अब म माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री मधु अधिकारी गुरुङलाई विभिन्न मितिमा माननीय सदस्यहरूले सून्य र विशेष समयमा उठाउनु भएको प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङ**

माननीय सभामुखज्यू, हालैको प्राकृतिक प्रकोपका कारण यातायात अवरुद्ध भई गोर्खा, मनाङ र मुस्ताङ जस्ता दुर्गम तथा भौगोलिक रुपमा विकट गाउंमा बाढीपहिरोका कारण सडक यातायात सेवा अवरुद्ध भई खोप तथा औषधीजन्य सामग्रीको ढुवानीमा असहज परिस्थितिको सृजना भएकोले हेलिकप्टर मार्फत सामग्रीको ढुवानी गरेको अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवामा कार्य गर्ने एक गैह्र

सरकारी संस्था मार्फत माउण्टेन चाइल्डको सहयोगमा गोरखाको चुमनुब्री गाउं पालिकामा खोप सेवा सुचारु रूपमा संचालन गर्नका लागि हेलिकप्टरबाट खोप तथा औषधीजन्य सामग्रीको ढुवानी व्यवस्था गरेको थियो ।

सो कार्यको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत भ्याक्सिन भाइल गोरखा पुगिसकेकोले खोपजन्य अन्य सामग्री पोखराबाट र भ्याक्सिन भाइल गोरखाबाट ढुवानी गरी खोप कार्यक्रम सुचारु गरिएकोले खोप सेवा संचालन गरिएको र सोही अवसरमा यो समय सदुपयोग गरिएको छ । साथै यस प्रदेशका मनाङ र मुस्ताङ जिल्लाका खोप लगाउने उमेर समूहका सम्पूर्ण नागरिकमहरुलाई कोभिड १९ विरुद्धको खोप लगाई पूर्ण खोपमुक्त जिल्ला भएको जानकारी गराउँदछु ।

विगतको लामो समयदेखि संचालनमा ल्याइएको राष्ट्रिय खोप कार्यक्रम मार्फत बालबालिका तथा गर्भवति महिलाहरूलाई विभिन्न प्रकारका खोप प्रदान गरी रोग खोपजन्य रोगहरु लाग्नबाट सुरक्षा प्रदान गरिदै आएको छ । यस कार्यक्रमको लक्ष्य हासिल गर्ने कुरा सबैभन्दा महत्वपूर्ण कुरा कार्यक्रममा प्रयोग हुने खोप भ्याक्सिनको उचित व्यवस्थापन गर्नु हो । भ्याक्सिन उत्पादन भएपछि त्यसको प्रयोग नहुन्जेल सम्म राम्रोसंग व्यवस्थापन गर्नु जरुरी छ । भ्याकिसनको कोयल चेन्ज व्यवस्थापन गरी भ्याक्सिनको गुणस्तर कायम गर्नका लागि नेपाल सरकारको खोप व्यवस्थापनको व्यवस्थित पद्दति रहेको र खोप आयात भइसकेपछि स्वास्थ्य सेवा विभागको भ्याक्सिन स्टोर हुँदै.व्यवस्थित रूपमा वितरण हुँदै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत रेफ्रिजेरेटरमा ढुवानी गरी जिल्ला भ्याक्सिन स्टोर, सव स्टोर हुँदै खोप खोपकेन्द्रमा पुग्ने गरेको छ ।

हाल जिल्ला भ्याक्सिन स्टोरबाट पालिका स्तरमा संचालन गरिने खोप केन्द्रका लागी स्वास्थ्य शाखालाई खोप हस्तान्तरण गरी पालिकाबाट तयार गरिएको तालिका अनुसार स्थानीय स्तरका जनप्रतिनिधिहरूको सकृय संलग्नता तथा सहकार्यमा पालिकाहरुले

तोकिएका खोप केन्द्र र तोकिएका उमेर समूहका व्यक्तिहरू र  खोप सेवा व्यवस्था गरेको व्यहोरा अनुरोध गर्दछु ।

हाल गण्डकी प्रदेशमा जम्मा ६ लाख ८५ हजार ५ सय ८० जनाले सिंगल डोज खोप लगाउनु भएको छ र ५ लाख ९१ हजार ९सय ४७ जनाले डबल डोज लगाउनु भएको छ र हामीले यो खोपको समन्वय गरेर खोपलाई सदुपयोग गर्ने, दुरूपयोग हुने कुरालाई समन्वय गर्ने कुरामा पहल गरेको कुरा पनि यहाँहरूलाई अवगत गराउँदै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि, तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई विभिन्न मितिमा माननीय सदस्यहरुले सून्य समय र विशेष समयमा उठाउनु भएका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि, तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठः माननीय सभामुख महोदय, यो गरिमामय सदनमा विभिन्न समयमा श ून्य समय र विशेष समयमा माननीयज्यूहरूले सरोकारको विषय मेरो मन्त्रालय अन्तर्गतका उठाउनु भएको र सुझाव दिनुभएको विषयमा म प्रष्ट पार्न चाहन्छु । सर्बप्रथम माननीयज्यूहरुले अहिलेको यो बाढीपहिरो र विभिन्न प्राकृतिक प्रकोपबाट भत्केका र स्कूल  संचालन  गर्न असमर्थ भएका विषयमा उठाउनु भएको विषयमा मन्त्रालयले समयमानै त्यो स्कूलको अवस्था कस्तो छ ? क्षति कस्तो छ ? अझै पनि प्राकृतिक प्रकोप नटुंगिई सकेको र त्यसको क्षतिको विवरण पूर्ण रुपमा आइनसकेको कारणले हामीले क्षतिको विवरण आइसकेपछि क्षति भएका स्कूलहरुलाई तदारुकताका साथ संचालन गर्ने पहल भैरहेको र सूचारु गर्नको लागी  मन्त्रालय एकदम तत्पर रूपमा अगाडि बढेको कुरा जानकारी गराउँछु ।

म आजभन्दा  पहिलाको प्रचलन १ हप्ता सम्मन ८० उत्तर दिए पनि हुने क ुरा सकभर सूचनाको हक चाँडै प्राप्त होस् भन्ने हेतुले आजै उठाउनु भएको माननीयज्यूहरुको

म उत्तर दिन खोज्दछु । जस्तै यहाँ थारु भाषाको विषयमा माननीयज्यूले कुरा उठाउनु भयो । गण्डकी प्रदेशको सरकार थारु भाषा मात्र होइन गण्डकी प्रदेशका विभिन्न जनजाती भाषाभाषी, संस्कृति परम्पराबाट युक्त प्रदेश हो र त्यो सबै भाषालाई समेटेर त्यो संस्कृतिलाई जगेर्ना गर्दै र यहां भएका सम्पूर्ण भाषा भेष संस्कृतिहरुलाई संरक्षण गर्नको लागि शिक्षा, संस्कृति विज्ञान र सामाजिक मन्त्रालय तत्पर छ र त्यो विषयमा मन्त्रालयले कार्यविधि बनाएर अगाडि बढिसकेको कुरा माननीयज्यूलाई जानकारी गराउन चाहन्छु र यो नमुना आवासिय विद्यालयको विषयमा कुरा आएको छ । यसमा माननीयज्यूले भनेको कुरा सत्य हो । स्थानीय निकायहरूले टेण्डर प्रकृया गरेर विद्यालयहरु भवन बनाउने कुरा अगाडि बढेको थियो।

संविधानमा नै कुनै साझा अधिकार र कुनै एकल अधिकार भएको हुनाले माध्यमिक शिक्षाहरू स्थानीय तहको एकल अधिकारभित्र पर्ने र यही सदनमा डुप्लिकेसन भयो र अर्काको अधिकारमाथि हस्तक्षेप भयो भन्ने कुराहरू भएको र अदालतमा सम्मन त्यसको कुरा उठेको कारणले र स्थानीय निकायहरूले आफ्नै मातहतबाट टेण्डर प्रकृया अगाडि बढेको, जसले भुक्तानी लिनु पर्ने हो लिनु भइसक्यो । अब हामीले गण्डकी प्रदेश सरकारले एकल अधिकारमाथि स्थानिय निकायको अधिकारमा हस्तक्षेप गर्नु हुँदैन भनेर अहिले भनेर अहिले खाली थोरै मात्र रकम १० लाख रूपैयाँ विनियोजन गरेको सहि हो । यस्को विषयमा सबैतिरबाट हामीले अनुसन्धान गरेका छौ । हामीले अध्ययन गरेका छौं । त्यसबाट प्रष्ट रूपमा आइसकेपछि गण्डकी प्रदेश सरकारले के गर्नु पर्ने हो अगाडि बढने कुरा जानकारी गराउन चाहन्छु र गणित र विज्ञानको विषयमा माननीयज्यूले उठाउनु भएको क्वेसनको विषयमा प्रदेश सरकार शिक्षालाई महत्वपूर्ण साथ अगाडि बढाउन चाहन्छ ।

शिक्षा भएन भने  प्रदेशको उन्नति  हुन सक्दैन र यो गणित र विज्ञानको विषयमा गण्डकी प्रदेशको सरकारले सूक्ष्म रूपमा अध्ययन गरेर सामुदायिक विद्यालयहरूमा गणित र विज्ञानको विषयलाई पढाउनको लागि अत्यन्त महत्वका साथ बजेट छुट्याएको हुनाले त्यसमा गण्डकी प्रदेशको सरकार अगाडि बढेको कुरा जानकारी गराउन चाहन्छु

। दुर्गम आवासीय विद्यालयहरूमा यो प्राविधिक रूपमा त्रुटी भएर ४ वटै जिल्लाको बजेट छुट्याउनु पर्नेमा यो गोरखालाई मात्र  छुट्याइएको हुनाले अरु प्राविधिक रुपमा प्रिन्ट मिस्टेक भनौं को आधारमा एउटै जिल्ला मात्र समेटिएको हुनाले ४ वटै जिल्ला समेटिने कुरा तपाईहरूलाई जानकारी गराउन चाहन्छु ।

सामाजिक विकास कार्यालयको कुरा यहां आएको छ हो हामी गण्डकी प्रदेशको सरकार यो संघीयता कार्यान्वयन गर्नको लागि प्रदेश सरकारको के भूमिका रह्यो, प्रदेश सरकार नै देखिएन, प्रदेश सरकारको औचित्यन छैन भनिरहेकोे अवस्थामा गण्डकी प्रदेश सरकारले सबै जनताहरूलाई चाहे त्यो महिला होस्, चाहे बालबालिका होस्, चाहे जेष्ठ नागरिक होस् र अन्य शोशित पीडित जनताहरूलाई प्रत्यक्ष रूपमा घरमै गएर, नजिकै गएर, सेवा गर्नको लागि गण्डकी प्रदेशको सरकार प्रतिनिधिको रूपमा सामाजिक विकास कार्यालय खोलिएको हो । यसको अहिले कार्य क्षेत्रहरु व्यापक छन।  यसमा कुनै कार्यहरु उसको कार्य क्षेत्र भन्दा बाहिर भएपनि गण्डकी प्रदेश सरकारको प्रतिनिधिको रुपमा त्यो कार्यक्रमहरुलाई त्यो जनताहरुलाई गण्डकी प्रदेश सरकारले तपाईहरुको कुरा सुन्छ । तपाईंहरुको मर्कालाई बुझ्छ र सम्बन्धित ठाउंसम्म पुर्याउन पनि सहयोग गर्छ र त्यो कार्यालयसंग सम्बन्धित क्षेत्रहरुलाई कार्यालयलेनैै सम्बोधन गर्छ । यो पहिलो अफिस पनि हो, त्यसो भएको कारणले त्यसलाई भर्खरै मात्र सुरुवात गरिएको छ ।

आज भन्ने मौका पनि पाएं । त्यो गण्डकी प्रदेशको सामाजिक विकास कार्यालय कास्कीबाट आज उद्घाटन सुरु भएको छ । माननीयज्यूहरुलाई त्यो कार्यालयबाट हामीले सबै  क्षेत्रमा समेटेर सेवा प्रवाह गर्नको लागी गण्डकी प्रदेशको सरकार तत्पर छ, नभएको कुराहरुलाई तपाईंहरूको सुझाव, तपाईंहरुको राय र तपाईंहरुको सल्लाह अनुसार गण्डकी प्रदेशको सरकार अगाडी बढन तत्पर भएको कुरा जानकारी गराउदछु।  धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणि भद्र शर्मालाई विभिन्न मितिमा माननीय सदस्यहरूले सून्य र विशेष समयमा उठाउनु भएको प्रश्नहरूको जवाफ दिनु हुन अनुमति दिन्छु ।

**पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणि भद्र शर्मा**

माननीय सभामुख महोदय, पर्यटन, उद्योग, वाणिज्य, आपूर्ति मन्त्रालयसँग सम्बन्धित माननीयज्यूहरूका जिज्ञासा उठ्नु स्वाभाविकै हो र विशेष गरेर मनाङ जिल्लामा खाद्यान्नका कुराहरू उठे । अहिले मनाङ जिल्लाको खाद्यान्न खच्चड मार्फत ढुवानी भइरहेको छ । मौज्दात पर्याप्त छ । खाद्यान्न अभाव छैन तर अरु सामग्रीहरु प्रयाप्त छैनन । मोटर बाटो नभएको कारणले खच्चडबाट ढुवानी भइरहेको छ । नुन पर्याप्त छ । राहत सामग्रीहरुलाई घरघरमा पुर्याउने कामहरु पनि भैरहेको छ र बाटोको काम तिव्रताका साथ भइरहेको छ र त्यो छिट्ट सबै कुराहरू पहिलाको जस्तै अवस्थामा पुग्छ भन्ने कुरा जानकारी गराउन चाहन्छु । १५० क्वीण्टल चामल मनाङ जिल्लाको मात्रै अहिले मौज्दात छ । चामेमा र हुण्डेमा पनि स्टक चामल छ ।

त्यस्तै गोरखामा समस्या अलि जटिल छ । गोर्खामा चुनमुम्रीको गा.पा. वडा नं. ६ र ७ मा सुख्खा पहिरो गएको कारणले ढुवानीमा असहजता भएको छ । त्यहाँ खच्चड जान पनि सकिरहेको छैन। छैन । सार्दीभिर र लोक्तमा भिरमा सुक्खा पहिरोले समस्या ल्याएको छ । क्यान्टि लेवर व्रिजमा पहिरोले यातायात अवरुद्ध भएकाले सार्दि भिरमा पनि पहिरो भएका कारणले खच्चडको सेवा पनि अप्ठयारो भएको छ र सिर्दीवासमा अहिले ८२ क्वीण्टल चामल स्टक छ र त्यसलाई सुक्खा पहिरो नरोकिए हेलिकप्टरबाट चुनमुम्रीको वडा नं. ६ र ७ जहां विशेष समस्या छ त्यहाँ सेवा पुर्याउनु पर्ने छ र त्यसका लागि म त्यहांका सिडियो सापसंग सम्पर्कमा छु । हाम्रा कर्मचारीले त्यसलाई फ्लोअप गरिराखु भएको छ। गोर्खाको अवस्था यो भयो । अरु जिल्लाको बारेमा पनि हामीले सवै जिल्ला प्रमुख जिल्ला अधिकारीहरुसंग निरन्तर सम्पर्कमा छौं र खाद्यान्नको यस्तो प्रकारको समस्याहरू अहिले काहीँ पनि छैन र हामीले उद्योग वाणिज्य संघ, जिल्ला प्रशासन र हाम्रो घरेलुको अधिकृतहरुको समन्वयमा निरन्तर अनुगमनका

कामहरू पनि अहिले भईरहेका छन् । यो मिसावटका कुराहरू र कृत्रिम मुल्य अभाव गराएर मूल्य वृद्धि गराउने केहि दुषित मनसाय राख्नेहरूलाई नियन्त्रण गर्ने अभियान तिव्र गतिमा बढिरहेको छ र अनुगमन एकदम तिव्र गतिमा गइरहेको छ र अहिले दशैंभन्दा अगाडि यी कुनै प्रकारको पनि खाद्य सामग्रीहरु दैनिक उपभोग्य सामग्रीहरूको अभाव नहोस् भनेर सतर्कताका साथ अभियान चालिएको छ । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब माननीय उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई विभिन्न मितिमा माननीय सदस्यले सून्य र विशेष समयमा उठाउनुभएका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य ः माननीय सभामुखज्यू, विशेष गरी गण्डकी प्रदेशको यस आठौं अधिवेशन २६ औं, २७ औं र २८ औं वैठकमा विशेष समय र सून्य समयमा उठेका विषयहरूको सन्दर्भमा हामीले आफ्नो जिम्माको मन्त्रालय भित्रका कार्यक्षेत्र भित्र रहेर नियमावलीले व्यवस्था गरे अनुरूप सदनलाई जानकारी गराउनु पर्ने विषयवस्तुहरु छन । त्यो सन्दर्भको विषयमा जानकारी गराउन उद्देश्यका साथ म यहाँ उपस्थित भएको छु । यो सन्दर्भमा विशेष गरी सम्मानित सदनमा उठेको विषय जो हाम्रो मन्त्रालय उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत सबै भन्दा धेरै क्षति बाढीपहिरोका कारणले विपतका कारणले प्रभावित हुने क्रममा यो मन्त्रालयका विभिन्न श्रृङखलाका घटनाक्रमहरूमा त्यो जोडिएका छन । यो वर्ष साँच्चै हामी सरकार निर्माण गर्दाखेरीको एउटा प्रकृया फिल्मी स्टाइलमा हामीले सरकार निर्माण गर्यौं । १ घण्टा अगाडि नारा लगाउँदा, लगाउँदै १ घण्टा पछाडि हामी शपथ लिन पुगेका छौं र प्रतिगमन र अग्रगमनको बीचको संघर्ष वीचबाट हामी सरकार निर्माण गरेका छौं ।

यो प्रकृयामा जांदाखेरी त्यो संगसंगै हामी सरकार निर्माण गर्न नपाउँदै बाढीपहिरो र विपत्तिका विषयहरु पनि संगसंगै हाम्रो अगाडि आइपुग्यो र त्यसले हामीलाई गण्डकी

प्रदेश बासी सबै जनतालाई त्यसले मर्माहत बनाएकैछ । बाढी पहिरोमा विपझा परेर ज्यान गुमाउनु हुने सम्पूर्ण गण्डकी प्रदेशबासी जनताहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र घाईते, अपांग हुनु भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । साथै जो प्रभावित हुनुभएको छ प्रभावितका लागि हामी गण्डकी प्रदेश सरकार राहत र त्यसको अनुमगनका निमित्त हामी सँगसँगै साथमा रहेको कुरा म सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु । यो संगै हामीले विशेष गरी यो विपझा त्यसको संरक्षणका निमित्त त्यसको कुन कुन ठाउँमा कति क्षति पुगेका छन त्यो सबै विवरणहरू हामीले प्रारम्भिक रूपमा संकलन गरेका छौं । त्यो विवरणहरू संकलन गर्ने क्रममा माननीयज्यूहरूले पनि उठाउनु भएको छ र त्यो अन्तर्गत हामीले ३४६ वटा योजनाहरू सिँचाई तर्फ १५० वटा, नदी नियन्त्रण तर्फ ६३ वटा, उर्जा अन्तर्गत १९ वटा, खानेपानी अन्तर्गत ११४ वटा जम्मा ३४६ वटा योजनामा ६५ करोड ३८ लाख ४१ हजार बराबरको लगत स्टिमेट सहितको क्षतिको विवरण हामी सम्बन्धित कार्यालयहरुबाट प्राप्त गरेका छौं ।

त्यसलाई हामीले प्रारम्भिक रुपमा तयार गरेका छ अहिले पछिल्लो चरण भएका अझ क्षतिका विवरणहरू संकलन भइराखेका छन् आउँदैछन् । त्यो सबै आउँदा अरब भन्दा बढी खर्च हुने अनुमान छ । ती सबैलाई हामीले तत्कालै कसरी पुनःनिर्माण गर्ने भन्ने विषयवस्तुहरु हाम्रो लागि चुनौतिको कुरा छ । तर पनि फेरी पनि हामीले कतिपय सिँचाईका कूलोहरू, पहिरोले लगेर अथवा मुहान लगेर जहाँ समस्या भयो त्यहाँ अस्थायी रुपमा आइजीपी पाईप हामीले तत्काल पुर्याएर त्यहां किसानको आवश्यकता जो अहिले खेतमा धानखेती सुख्खा लाग्ने खालको त्यो परिस्थिति छ त्यसलाई हामीले तत्काल अस्थायी समाधान निकाल्ने प्रयत्न हामीले गरेका छौं र सबै जिल्लाहरुमा गरेर त्यस रूपमा हामीले १७२२ मिटर पाइप हामीले ११ जिल्लाभित्र वितरण गरेका छौं ।

यसै सँगै असार १ गते पछाडि यता आउंदाखेरी यसैसंगै असार १ गते पछाडी कतिपय ठाउँमा पहिरो अनि घरवस्तीलाई संरक्षण गर्ने, नदी कटानका विषयवस्तुहरूलाई तत्काल

अस्थायी समाधान निकाल्ने योजनाका साथ हामीले प्रत्येक जिल्लाका सिँचाई डिभिजन कार्यालयहरुलाई ५-५ सय जाली विपदलाई व्यवस्थापन नियन्त्रण गर्नका निमित्त भनेर हामीले खरीद गर्न अनुमति दिएका थियौं । त्यो अनुसार ती सबै जिल्लाहरूबाट प्राप्त भएको रिपोर्ट अनुसार ४१ सय ३ थान ग्याविन जाली वितरण गरिएको र ती जाली हामीले तत्काल जनताको घरवस्ती संरक्षण गर्नका निमित्त, पहिरो नियन्त्रण गर्नका निमित्त, नदी खोला तटवन्ध गर्नका निमित्त र त्यसलाई संरक्षण गरेर बस्ती संरक्षण गर्नका निमित्त हामीले त्यसलाई वितरण गरेका छौं र त्यो तत्काल अस्थायी समाधानको प्रकृतिबाट अहिले हेर्दाखेरी यो देख्छौं र स्थायी समस्या समाधान गर्ने विकल्पहरूमा हामी गण्डकी प्रदेश सरकारको सीमित स्रोत साधन त्यसलाई परिचालन गरेर हामीले फेरी त्यो ठूलो धनजनको जुन क्षति भइराखेको छ त्यसलाई संरक्षण गर्ने, त्यसलाई स्थायी समाधान निकाल्ने गरी हामी गण्डकी प्रदेश सरकार हाम्रो मन्त्रालयको तर्फबाट हामी सबै ठाउँमा अनुगमन गर्ने, कतिपय ठाउँहरूमा जस्तो पर्वतका कतिपय क्षतिहरुमा म प्रत्यक्ष आफै ती ठाउँहरूमा अनुगमन गर्न गएको छु, जो माननीयज्यूहरूले पर्वतको विषयमा उठाउनु भएको छ. कुश्मा न.पा. को ५ वडा र १३ नं.वडामा जुन समस्या पैदा भएको छ त्यो ५ नं. र १३ नं. वडाको विशेष क्षति भइराखेको छ त्यो सबै ठाउंमा अधिकांश ठाउँमा हामी यातायात नपुग्दाखेरी पनि हामी प्रत्यक्ष रूपमा हामी त्यहाँ उपस्थित भएर हामी त्यहाँको अनुगमन गरेका छौं र क्षतिको विवरण हामीले कलेक्सन गरेर तत्काल त्यसलाई कसरी राहत वितरण गर्न सकिन्छ र तत्काल त्यसलाई कसरी संरक्षण गर्न सकिन्छ भन्ने कुराको विषयवस्तु हामी जानकार छौं ।

यहाँले जो राख्नु भएको छ फेरी पनि यहांहरुले सुझाव दिनुभएकोमा म धन्यवाद दिन चाहन्छु र संगै यो बिचमा गोरखा, मनाङ, नवलपुर अनि तनहुं लगायतका यी जिल्लाहरुसंगै ११ जिल्लारुका सबै ठाउँहरूमा जति पनि क्षति भएका छन् सिँचाईको, नदीका कटानहरू, अन्य जो वस्तीहरू जोखिममा भएका यी वस्तुहरु छन त्यसलाई संरक्षण गर्ने योजनका साथ हामी स्रोत सुनिश्चित गर्ने एउटा प्रकृयामा छौं र स्रोत

सुनिश्चित हुनेवित्तिकै तत्काल त्यसलाई पुनःनिर्माण गर्ने र तत्काल त्यसको समस्या समाधान गर्ने गरी हामी कार्य प्रारम्भ गर्ने कुरा यहाँहरुसंग त्यो प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । यो संगै हामीले धवलागिरी गाउंपालिका—२ लुलाङमा ३ सय ३३ घरले बत्ती बाल्ने लघु जलविद्युत योजना जो बगाएको छ त्यो बगाएको विषयवस्तू पनि यहाँ विषय उठ्यो त्यो सँगै हामी लघुविद्युत योजना १९ वटा क्षति भएको छ । त्यसमा अझ अरु थप विवरण आउन बाँकी नै छ, त्यो सबै ठाउंमा हामी तत्काल त्यसको लागी करिव ४ करोड ३० लाखको क्षतिको विवरण आएको छ ।

हामी त्यो ४ करोड ३० लाखस्रोत सुनिश्चित हुने बित्तिकै ती लघु जलविद्युत आयोजनालाई हामीले फेरी त्यसलाई अर्को नयाँ प्रकृयामा अगाडि बढाएर त्यसलाई पुनःसंचालनको एउटा माध्यममा अगाडि बढाउने हिसाबले हामी तयारी गर्दै छौं । यहांहरु संग त्यो पनि जानकारी गराउन चाहन्छु । त्योसंगै हामीले यो काहुँखोलाको विषयवस्तु पनि उठ्यो काहुं खोलाको विषयबस्तुमा हामी म आफै त्यो ठाउँमा प्रत्यक्ष रूपमा अनुगमनमा म पुगेको थिएँ । हामी त्यहाँ सरकारवालाहरू पक्षसंग पनि प्रत्यक्ष रूपमा अन्तरकृया गर्यौं, सँगसँगै वहांहरुसंगै काहुँखोलाको बारेमा हामी अध्ययन गर्यौं, त्यसको सबै ठाउँमा अनुगमन गर्दै जाँदाखेरी  हामीले के बुझ्यौं भने एक पटक सम्बन्धित निर्वाचन क्षेत्रको संघीय सांसद, प्रदेश सभाका सम्बन्धित क्षेत्रको माननीय सदस्य, महानगर, वडा, सदस्य, महानगर, वडा, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, सरोकारवालाको उपस्थितिमा हामीले तत्काल एउटा मिटिङ गर्न आवश्यक भएको अनुभूति गर्यौं र त्यसको समन्वय गर्ने हिसाबले हामी गण्डकी प्रदेश सरकार त्यसको वातावरण तयार गरी हामीले यसको दोस्रो हप्तामा हामीले त्यसको मिटिङ राख्ने गरेर हामीले पत्राचार गर्ने योजना बनाई सकेका छौं ।

त्यसमा आवश्यकता अनुसार सबै त्यो क्षेत्रसँग सम्बन्धित माननीयज्यूहरूलाई म हार्दिक अपिल अनुरोध चाहन्छु कि हामीले त्यो समस्या कसरी हल गर्न सक्छौ ? त्यो धेरै ठूलो विकराल समस्या छ । त्यो ठुलो अरवौंको विषयवस्तु छ । हामीले सामान्य प्रकृतिबाट त्यसलाई हल गर्ने सक्ने अवस्था छैन । तैपनि फेरी हामी प्रदेश सरकार

समन्वय गरेर पहलकदमी लिने गरी अगाडी बढने तयारी गरिराखेका छौं र यो सँगै हामीले यो सामुदायिक लघुजलविद्युत योजनाहरू विशेष गरी नवलपुर, कास्की, लमजुङ, म्यागदी, लगायतका यी जिल्लाहरुमा अनि मनाङ जति क्षति भइराखेका छन हामी गण्डकी प्रदेशलाई उज्यालो प्रदेश बनाउने योजनाका साथ लाग्दै गर्दाखेरी थप क्षति भएका ती ठाउंहरुमा तत्काल पुनःनिर्माण गर्ने गरी वहांहरुसंग समन्वय र सहकार्य गर्ने त्यो पनि प्रतिवद्धता गराउँदछु र अन्त्यमा मैले धेरै विषयबस्तुहरु राखु भन्दा पनि हामीले काम गरेर देखाउने कुरा हो हामीले बरु थोरै बोल्ने धेरै काम गर्ने यो प्रकृयाको सुरुवात गर्न चाहन्छौं ।

विगतमा जे जस्ता भए विगत भन्दा अगाडि बढेर विगतमा फर्केर धारे हात लगाउनु भन्दा नयाँ प्रकृयाबाट अगाडि बढेर सकारात्मक सोचका साथ अगाडि बढ्ने हाम्रो प्रतिबद्धता हो हामी त्यो रूपमा अगाडि बढ्न चाहन्छैं गण्डकी प्रदेश सरकार बर्तमान अवस्थामा जे छ र भविष्यमा नयां प्रकारले अगाडी बढने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब माननीय भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्री श्री कुमार खड्कालाई विभिन्न मितिमा माननीय सदस्यज्यूहरूले सून्य र विशेष समयमा समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

माननीय भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्री श्री कुमार खड्का: माननीय सभामुखज्यू, प्रदेश सभा नियमावलीको ५७ को उपनियम २ अनुसार म यहाँ उपस्थित भएको छु । माननीय सदस्यज्यूहरूले प्रदेश सभाको सून्य र विशेष समयमा मेरो मन्त्रालयसँग सम्बन्धित जिज्ञासा सुझावहरूका बारेमा म मन्त्रालयको तर्फबाट आफ्ना अभिव्यक्तिलाई यहाँ केन्द्रित गर्न चाहन्छु ।

सभामुखज्यू, बाढीपहिरोले गण्डकी प्रदेशलाई क्षतविक्षत बनाएको छ । धन र जनको ठूलो क्षति भएको छ । यो पीडामा परेर ज्यान गुमाउनु हुने सम्पूर्ण मृतक

नागरिकहरूप्रति श्रद्धासुमन प्रकट गर्न चाहन्छु र घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । यो प्राकृतिक प्रकोपले सडक, पुल, भवन लगायतका पूर्वाधारसँग सम्बन्धित भौतिक संरचनाहरूको खर्वौं रूपैयाँको विनाश गरेको पीडाले हामीलाई मर्माहत गराइरहेको छ । जनताको पीडा, मर्का, व्यथाको बारेमा छलफल गर्ने, समस्याको निवारण गर्ने थलो हो संसद । गण्डकी प्रदेश सभाका माननीयज्यूहरूले नागरिकका पीडा बारेमा जसरी आफ्ना भावना यहाँ अभिव्यक्त गर्नुभएको छ यसले सरकारलाई मार्ग निर्देशित त गरेको छ, यो अत्यन्त प्रशंसनीय छ जस्तो लाग्छ मलाई। माननीयज्यूहरूका सार्थक र जीवन्त उपस्थितिका कारण प्रदेश सभाको गरिमा बढेको छ, यस्तो गरिमामय प्रदेश सभाको सदस्य हुनुमा मैले गौरव अनुभूति गरिरहेको छु । विशेषवस्तुमा प्रवेश गर्दाखेरी माननीयज्यूहरूले केही पर्टिकुलर विषयहरू उठाउनु भएको छ, त्यो बारेमा माननीय सभामुखज्यू मार्फत म सभामा जानकारी गराउन चाहन्छु । दम्सादीको पुल पोखरा १७ र २१ मा रहेको कास्कीको सम्भवतः सबैभन्दा लामो पुल त्यो लगभग क्षतिको स्थितिमा छ भनेर माननीयज्यूहरूले उठाउनु भएको छ । त्यो अत्यन्त सही छ ।

वहुत महत्वपूर्ण पूल हामीले केही प्रयत्न गरेनौं भने ठूलो क्षति व्यहोर्न सक्ने भएकोले मैल माननीयज्यूहरू र त्यहाँ सम्बन्धित नागरिकहरूको उपस्थिति भइसकेपछि सम्बन्धित पूलमा गएर हेर्ने र प्राविधिकबाट इस्टिमेट गराउँदाखेरी तत्काललाई मर्मत गर्नका लागि ४८ लाख र दीर्घकालीन रूपमा त्यसलाई बचाउनका लागि २ करोड १२ लाखको इस्टिमेट आएको छ । अहिले तत्काललाई काम गर्नका निम्ति ४८ लाख विनियोजन गरिसकिएर फिल्डमा काम अब प्रारम्भ हुने स्थितिमा भएको कुरा म अनुरोध गर्न चाहन्छु । अब प्रारम्भ हुने कुरा म अगाडि बढाउन चाहन्छु । तनहुँको छाव्दी दोभान पुल व्यासमा ४६ लाख ३७ हजारको लागतमा पुलको निर्माण अगाडि बढेको छ । भिमाद भिरकोट सडकमा २५ लाख ३७ हजारको लागतमा हामीले त्यो कार्यलाई अगाडि बढाएका छौं ।

हिलेबजारको झेलुंगे पुल, दोर्दी-८ मा ११ लाख ९८ हजारको लागतका कार्यहरू अगाडि बढेको छ । मध्यविन्दुको ४ र ५ उल्टीखोलाको पूलमा १८ लाखको स्टिमेटलाई हामीले अगाडि बढाएका छौं । त्यसैगरी फुस्रेखोलाको चिसेपानी पुल पोखरा २२ मा पनि १० लाख जतिको लागतमा यी कार्यहरू अगाडि बढाएका छौं । यी केही प्रतिकात्मक संसदमा उठेका प्रश्नहरू मैले यहाँहरूलाई जानकारी गराएँ । थुप्रै प्रदेशभरिमा मार्गहरू अवरुद्ध भएका छन्, ती अवरुद्ध मार्गहरू कति खुलाइएको छ कति खुलाउने प्रकृया रहेको छ । बजेट विनियोजित भएका सडकहरू त्यस्ता समस्या छ भने विनियोजित बजेट बाट नै काम गर्नका लागी निर्देशित गरिसकिएको छ आइडिओहरूलाई ।

क्षति भएका सडक, पुल, भवनहरूको सामान्य मर्मत गरी आवागमन सुचारु गर्न अर्थ मन्त्रालयले थप बजेटको व्यवस्था गरेका कुरा पनि म यहाँ सदनमा सभामुख महोदयज्यू मार्फत सदनलाई अवगत गराउन चाहन्छु । पुलहरूको ३ वटा कण्डिसन छ, एउटा सामान्य क्षति भएर त्यसलाई मर्मत गरेर पुनः सुचारु गर्न सक्ने, केही पूर्ण क्षति भएका छन् त्यसलाई पूर्ण क्षति भएको हुनाले उही स्थानमा नयाँ बनाउनु पर्ने, केही त्यो भूगोलबाट नै स्थान्तरण गर्नु पर्ने, यो ३ वटै प्रकृया मध्ये पहिलो प्रकृयालाई तत्काल अगाडि बढेको छ । बाँकी दुई वटा पुनःनिर्माणका कुरा र स्थान्तरणका कुराहरू एउटा निश्चित समय लाग्ने भएको हुनाले यो प्रकृया अगाडि बढिरहेको हुनाले म यो सदनमा निवेदन गर्न चाहन्छु ।

यहाँ माननीय मन्त्रीज्यूहरूले आ—आफ्नो मन्त्रालयका विषयमा जानकारी गराइसक्नु भएको छ । यद्यपी सरकारका प्रवक्ताका कारणले छुटेका केही विषयका बारेमा पनि अवगत गराउन म मेरो कर्तव्य ठान्छु । भोकमरीबाट जनता बचाउनका निम्ति नगद, राहत दिएका कुरा, नगद, खाद्यान्न अन्य अत्यन्त आवश्यक दिएका कुरा, सम्बन्धित भूगोलमै गएर वितरण गरिएको कुरा, प्रत्येक स्थानीय तहलाई ५ लाख रूपैयाँ दिएर,तत्कालका लागि जनताका समस्या समाधान गर्नलाई अभिप्रेरित गरेका कुरा पूर्ण रूपमा भत्किएका घरहरुलाई मनाङ बाहेक अन्य जिल्लाहरूमा १-१ लाख र मनाङमा

२ लाख नगद सहयोग गरेका कुरा, मृतकलाई ५० हजार रूपैयाँ उपलव्ध गरएको कुरा, एकजना परिवारले गुमाएको बालकको हकमा ५ लाख ५० हजार रूपैयाँ बालकको नाममा खातामा राखिदिएर उनको सम्पूर्ण लालन, पोषण र शिक्षादीक्षाका निम्ति एस.ओ.एस. विद्यालयमा व्यवस्था गरसिकेका कुराहरु म यहाँ निवेदन गर्न चाहन्छु । १६ प्रकारका विपद् उद्धार उपकरणहरू खरिद गरेर उद्धार कार्यलाई पनि यो सरकारले यो कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाएको छ ।

माननीय सभामुखज्यू, यस्तो व्यापक विनाशको भूमरीमा परेको हाम्रो प्रदेशलाई विनासशबाट बचाउनका निम्ति सरकारले जे जति प्रयास गर्यो राम्रै गरेको छ । तर पर्याप्त गरेको छ, सबै गरेको छ भनेर भन्न उपयुक्त हुन्छ जस्तो मलाई लाग्दैन, अझ थुप्रै गर्न बाँकी छ । कतिपय कार्यहरू प्रदेशको सामथ्र्य, स्रोत र साधनले भ्याउँदैन । हामीले संघीय सरकारलाई गुहार्नु परेको छ, संघीय सरकारलाई हामीले अनुरोध गरिरहेको स्थिति छ । यो विनाश र विपत्तिबाट जनतालाई र प्रदेशलाई बचाउनका निम्ति सरकारसँग सिंगो संसद, सत्ता र प्रतिपक्ष मात्र होइन स्थानीय सरकार, विकासे सहयोगीहरू, नागरिक समाजहरू, संघसंस्थाहरूले संयुक्त प्रयत्न गर्न आवश्यक छ ।

मलाई लाग्छ यो विनाश र विपत्तिबाट यो सिंगो सदनको नेतृत्वमा सम्पूर्ण गण्डकी प्रदेशका जनता एकजुट भएर हामी लड्ने छौं र पूर्ववत स्थितिमा र त्यो भन्दा पनि वेटर रूपमा पुर्याउनलाई हामी सक्षम हुने छौं यही कुरा अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरू,अब म माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूति मन्त्री श्री मणिभद्र शर्मालाई विधायन समितिको प्रतिवेदन सहित गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गरीयोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूति मन्त्री श्री मणिभद्र शर्माः- माननीय सभामुख महोदय, मानननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७७ चैत्र २७ गते प्रस्तुत भई मिति २०७८ भाद्र २९ गते विधायन समितिमा दफावार छलफलका लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । मणिभद्र शर्मा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री ।

२०७८-६-५ ।

माननीय सभामुख अब म उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ, विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुका लागी ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो भनाई राखुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम मानीय सदस्य श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी ।

**मानीय सदस्य श्री मिना गुरुङ**

माननीय सभामुखज्यू, गण्डकी प्रदेशमा फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि आज दफावार छलफलमा भाग लिने अवसरको लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु । विषय प्रवेश गर्नुभन्दा अगाडि मेरो अलिकति अनुभूति पनि यहाँ राख्न चाहन्छु । भर्खरै हाम्रा माननीय मन्त्रीज्यूहरूले, गठवन्धनका सरकारका नेतृत्वमा रहनुभएका सम्पूर्ण नेतृत्वगणले बोल्नुभएका, राख्नुभएका स्पष्टीकरणहरू, जुन किसिमका आफूले गरेका राम्रा कामका पक्षहरूलाई मैले सुनिरहेँ । तर अचम्म लाग्छ, यही गण्डकी प्रदेशमा फर्म दर्ता गर्ने सम्बन्धमा बनेको विधेयक ल्याउनु पर्ने धेरै ढिला भइसकेको कुरा यहाँलाई थाहै छ, जग जहेरै छ ।

हामीले यसलाई धेरै सुस्त गरेर आज मात्र छलफलमा अगाडि बढाएका छौं । आफूलाई अग्रमनकारी भनेर गरिरहेको कामको मूल्यांकन सायद आफैले बखान गर्नुभन्दा जनताले गर्दा जायज हुन्छ जस्तो मलाई लाग्छ । हामी कति ढिलासुस्तीमा छौं, कोरोनाले आज नेपाली जनताहरू क्षत विक्षत भएको अवस्था छ ।

स्वदेशमै रोजगारी गरेर खानुपर्छ भनेर नेपाली जनता युवाहरूलाई यहीं नै काम गर, कृषिमा काम गर, सानोतिनो भने पनि स्वरोजगार गर, काम गर, फर्म दर्ता गर, यसो गर उसो गर भनेर आश्वासन दिने हामी नेतृत्वमा रहेका सम्पूर्ण आफूले आफूलाई केही नै हुँ भनेर ठान्नेहरूले बुझ्नु पर्ने बेला छ कि अहिले यो गण्डकी प्रदेशको मात्रै कुरा गरौं, कति महिलाहरू छन् जसले फर्म दर्ता गरेका छन वहांको नाममा महिलाहरूको नाममा त्यसको तथ्याङ्क छ हामीसँग ।त्यो यदि हामीले बुझ्न पाएको भए सरकारले स्पष्टसँग ल्याइदिएको भए हामीलाई सहज हुने थियो । कति विपन्न वर्गका महिलाहरूले हामीले केही गरेर खान्छौ, वा विपन्न नागरिकहरूले हामी यही देशमा यही माटोमा केही गर्छौं भन्ने हाम्रा नागरिकहरूको कुनै तथ्यांक मैले देख्दिन । उद्यमशिलता उद्योगी, व्यवसायीहरूको पनि यहाँनिर तथ्याङ्क छैन । त्यसैले गर्दा यो दुःखद विषय छ । अब म थोरै यो आफ्नो अनुभूति पछि विषय प्रवेश गर्न चाहन्छु । मैले यो सबै दफावार

यो छलफलमा आज भाग लिने अवसर पाईरहँदा मैले त्यो सरसर्ती अघि विहानसम्म अध्ययन गर्दा, फर्म दर्ता गर्दा एउटा विधेयक बन्ने ती नीति नियमहरू जस्तै जस्तै छन्।

त्यो भित्र मैले महिला उत्पीडित वर्ग समुदाय, यसैगरी पिछडिएका क्षेत्र र सिमान्तकृतहरु अपांगहरूलाई केही छुट दिएको छ कि छैन भनेर हेरें त्यो मैले पाइनँ। पछि अर्को एउटा जुन संसोधित दफावार छलफलबाट यो अहिले सार्वजनिक गरेको कागज पाएँ ।यसमा हेरैं यसमा थोरै कुरा परिवर्तन भएर आएको रहेछ । यसमा महिलाहरूको लागि पहिलो पल्ट नविकरण गर्दा ५० प्रतिशत छुट हुने कुरा आयो त्यो मेरो लागि पनि एउटा खुशीको विषय रह्योे र यसै गरी नविकरण गर्ने बेलामा पहिलो वर्ष पनि ५० प्रतिशत छुट भनेर आयो । त्यो पनि अहिले माननीयज्यूहरू विधायन समितिमा रहेर यो राम्रो निर्णय गर्नु भएको मैले महसुस गरैं । तर म यसमा अझै जोड्न चाहन्छु माननीय मार्फत, हाम्रो गठवन्धनको सरकारलाई र हाम्रो अहिलेको वर्तमान सरकारलाई मैले पहिले पनि भन्दै आएको छु व्यक्तिगत रुपमा यो मेरो एउटा अलि चित्त नबुझ्दो सवाल छ ।

हामीले विधेयक बनाइरहेका छौं विधायन समितिका विधाइकाहरुले मात्रै माननीयहरूले त्यसभित्र रहेर छलफल गर्न पाउनु पर्ने हामी अरु समितिमा रहेकाहरुले छलफल नगरीकन सुनेको र कागज पढेको भरमा हामीलाई त्यसलाई सहमती जनाउनु पर्ने कुरामा मेरो सहमति रहँदेन । म यसमा कहिले पनि सन्तुष्ट छैन । राम्रोसंग अध्ययन सरोकारवालाहरू यसमा कति आए रु कति सभागी भए, विधेयक कसरी आयो विधेयक तयारी भयो यसको ड्राफ्ट कसरी बन्यो रु भन्ने कुरामा मलाई लाग्छ म मात्र होइन, सबै माननीयहरु अरु पनि समितिमा रहेका साथीहरू, माननीयज्यूहरूले यसलाई पूरा अपडेट गर्नुपर्छ जस्तो लाग्छ म सार्वजनिक रूपमा भन्न चाहन्छु त्यसैले यसलाई घुमाउनु पर्छ । त्यो विधेयकलाई, अरु समितिमा घुमाउनु पर्छ । यो सार्वजनिक रूपमा भन्न चाहन्छु ।

हरेक विधान समितिमा घुमाउनु पर्छ, त्यहाँबाट आएको निचोडलाई पनि यहाँ समेट्नु पर्छ, सरोकार वालात शत प्रतिशत सहभागी हुनु पर्छ भन्ने कुरामा जोड दिन्छु र यो विधेयक दफा ५ को उपदफा ३ लाई ४ कायम गरी उल्लेख गरेको प्राइभेट फर्म दर्ताको नविकरणको शुल्कमा अघि मैले भनें त्यो राम्रो छ । तर अहिले यहांनेर दफा दफामा पढिरहंदा अनलाइनबाट दर्ता गर्ने भन्ने कुरा छ हेर्नुस माननीयज्यूहरू । यतिबेला अनलाईनको पहुँच सबैलाई हुन्छ कदापि हुँदैन । कुनकुन ठाउंमा बत्ति आउंछ जान्छ अहिले यो बत्तिको अवस्था के छ रु। इन्टरनेटको अवस्था के छ रु त्यसैले यसलाई सर्व सुलभ ढंगले सजिलो ढंगले हामीले फर्म दर्ता गरेर लैजान पायो भने हाम्रै राज्य, हाम्रै ढुकुटीमा कर जम्मा हुने कुरा हो नि त ।

राजश्व बढने कुरा होनी त हामी कति ढिला भइसकेका छौं ।अहिले कति प्रतिशत राजश्य हामीले संकलन गर्न पाएनौं कति धेरै फर्महरु नविकरणको कुरा छोडिदिउं दर्तै नगरीकन चलाइरहेका छन् । त्यसैले यस्ता किसिमका नविकरण गर्नेको लागि अहिले कसैको इच्छै छैन किनभने अहिले कोरोनाले सबै व्यापार ढलिसकेको छ । तर दर्ता पनि नगरिकन बसेकाहरुलाई प्रोत्साहित गरेर एउटा व्यवस्थित गरेर एउटा फर्म व्यवसाय पेशामा आफ्नो लगानी गर्नेहरूलाई नागरिकहरुलाई सुरक्षित र व्यवस्थित जीवनयापनको लागि र राम्रो व्यवसाय संचालन गर्नको लागि मर्यादित व्यवसाय संचालन गर्नको लागि मर्यादित व्यवसाय संचालनको लागि सरकारको दायित्व हो सरकारको कर्तव्य हो उहाँहरूलाई अनुगमन गर्ने, उहाँलाई हेर्ने बुझ्ने । तर यो कागजमा लिप्त भएका यी लेखिएका शव्दहरु कति कार्यान्वयन भएका छन भन्ने कुरा ज्यादै नै महत्वपूर्ण विषय रहन्छ ।

अहिले सम्मन हामीले यो गण्डकी प्रदेश सरकारले बनाएका विधेयकहरू कहाँ कहाँ, कसरी कार्यान्वयन भएका छन् ? यसको अनुगमनको लागि हामी कत्तिको जागरुक छाँै र हाम्रो त्यो भूमिका कहाँसम्म पूरा भएको छ भन्ने कुरा अत्यन्त आवश्यक विषय

रहेको छ । अर्को कुरा कुनै न कुनै काम नगरिकन जीविकोपार्जन गर्न सकिदैन । त्यसको लागि सबैले अहिले यो ठाउँमा सानोतिनो भित्र बसेर बाहिर देखिने गरेर एउटा न एउटा कामधन्दा गरिरहेका हुन्छन् । त्यस्ता साथीहरुलाई फर्म दर्ता गरेर जांदा वहांहरुले पाउने सरकारको सुविधाहरू, उहाँहरुले पाउने भोलि भविष्यमा वहांहरुको सुरक्षा हुने कुराहरू उहांहरु सुनिश्चित हुने कुराहरु जीवन एउटा मर्यादित हुने कुराहरूलाई समेटेर लानको लागि अझै राम्रो यो विधेयकले यसलाई व्यापक रूपमा प्रष्ट बुझिने गरेर यसलाई ल्याउन पाएको भए हुन्थ्यो भन्ने मलाई लाग्छ र अहिले विशेष गरेर हाम्रो यो गण्डकी प्रदेशमा यो कोरोनाको कारणले व्यवसाय ढलेर, हिजो लगानी धेरै गरेर बसेका साथीहरूले फेरी सुविधा पाएको छ सरकारले जीवन रक्षाकोष दियो, सरकारले फेरी उद्यमशिलताको कोष दियो भनेर **(सभामुख माननीय सदस्य समय दिद्धियो)** ती साथीहरूले त्यहाँबाट ऋण उपलव्ध भएको छैन । त्यसको लागी यो फर्म दर्ता गर्ने यो विधेयकबाट त्यस्ता विषयहरुलाई पनि अझै हामीले समेटेर लान पाए हुन्थ्यो । अरु दफावार छलफलमा ऐ ऐ विषयहरु जस्ताका तस्तै छन । त्यसलाई अव म के भन्न सक्छु यो सरकारले ल्याएको छ यसलाई कार्यान्वयनमा राम्रोसंग लैजानको लागी हामी सबै एक जुट भएर लागौं । यतिनै म भन्न चाहन्छु । हवस्त धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

अब माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री विनोद के.सी.।

**माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीः**

सभामुख महोदय, आज गण्डकी प्रदेशले हामी गण्डकी प्रदेशको प्राइभेट फर्म दर्ताको विधेयक ल्याएका छौं । यो विधेयकको छलफल सुरु भएको छ । छलफलमा मलाई एउटा अचम्म पनि लागेको छ । ३ वर्ष सरकारमा बस्नुभयो साथीहरू । अहिले विधेयक आएको ढिलो भयो भन्नु भएको छ । ३ वर्ष सरकारमा बस्दा केही बोल्न

पर्दैन सभामुख महोदय । ३ वर्ष सरकारमा बस्दा विधेयक ल्याउनु पर्दैन ? हामीले यही रोष्टमबाटे बारम्बार भनिरहेका थियौं सभामुख महोदय, अहिले सम्मन कहाँ के रूपमा बस्नुभयो ? मलाई अचम्म लागेको छ सभामुख महोदय । आज यो विधेयक आउँदा धेरै उद्योगी, धेरै व्यापारी साथीहरू धेरै खुशी हुनुभएको छ । आज जिन्दगीमा कहिले आउँछ, कहिले आउँछ भनेर बस्ने यद्योगपतिहरू आज खुशी भएर बसिरहनुभएका साथीहरू खुशी अनूभुति भएको छ । आज यो विधेयक आयो, हाम्रा विद्वान माननीयज्यूले भनिसक्नु भयो, विधेयक त अनलाईनबाट मात्र दर्ता हुन लागेको छ भन्नुभयो, मलाई अचम्म लाग्छ, अलिकति हेर्नु पर्ने अनलाईन, सुविधा सँगसँगै हरेक जिल्लामा पनि दर्ता गर्न पाउने प्रावधान राखेको छ सरकारलाई हृदय देखि धन्यवाद दिन चाहन्छु ।

सरकार ! सरकार बनेको हामी सदन पहिलो बसेका छौं । तत्काल हामी अहिले दोस्रो दिन बसेका छौं । विधेयक ल्याउन विधायन समिति भन्नै पर्दा यो सरकारको विधायन समिति नबनिकन विधेयक नै आएन । किन भने पहिलाको सरकारले नेतृत्व गरेकै साथीहरू हुनुहुन्थ्यो, विधायन समितिमा किन विधेयक आएन ? त्यो गम्भिर विषय छ । त्यो सोचाई विषय छ । त्यसैले मैले आज यहाँ विभिन्न उद्योग,कलकारखाना, विभिन्न दर्ता गर्न शहरसम्म धाउँदा गाउँका कृषकले एउटा फर्म दर्ता गर्दा जिल्लामा नबसीकन अर्को केन्द्रसम्म धाउनुपर्दथ्यो । त्यो विधेयक आएको छ र अहिले गण्डकी प्रदेशले ल्याएको विधेयक म र मेरो दलले समर्थन गर्न चाहन्छु ।

आज फर्म खोल्नलाई हामी धेरै अगाडि बढ्यौं । हामीले भन्ने गरेका थियौं विगतको सरकारलाई। कमसे कम उद्योग कलकारखाना अगाडि बढाउन विधेयक ल्याइदिनुहोस्, विधेयक ल्याउँदा विधयेकमा राम्रा कुराहरू आउँछन् । त्यसले के ल्याउँछ भने वार्ड कार्यालय समेत आयआर्जन वार्ड कार्यालय लगायतको हाम्रो प्रदेशसम्म गाउँपालिका, नगरपालिका हुँदै राज्यले केही न केही आमदानी गर्न पाउँछ। त्यो आम्दानी भनेको जनताको आम्दानी हो जनतालाई विकासको लागि हो, जनताको राहतको कुरा हो । यी कुराहरु आएका छन धेरै जसो मलाई लागेको छ ।

यहाँ एउटा खुशीको कुरो लागेको छ मलाई के भने हामी सधैं दलितको कुरा गर्छौं चुनावमा जाँदा पनि, अपांगको कुरा गर्छौं चुनावमा जाँदा पनि, पिछडिएका वर्गको कुरा गर्छौं चुनावमा जाँदाखेरी पनि सबै पार्टिका साथीहरू । तर विधेयकले यहाँ राम्रो कुरा के ल्याएको भने दर्ता गर्दा पनि ५० प्रतिशत छुट फेरी नविकरण गर्न जाँदा पनि ५० प्रतिशत छुट, यो राम्रो कुरा आएको छ म हृदयदेखि विधायन समितिका साथीहरूलाई धन्यवाद र आज यहाँ हामी विधेयक आएकोमा विधेयक ल्याउने सम्पूर्ण सरकार र हाम्रो सभामुख मार्फत यो आएको विधेयकलाई सांच्चै नै यहि रुपमा कार्यान्वयन गर्ने शुभकामना दिदै पूर्ण समर्थन जनाउंदै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी. लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, गण्डकी प्रदेशको यो वैठकमा आज प्राइभेट फर्म दर्ता सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत भएको छ र यसमा दफावार छलफलमा भाग लिन पाउँदा मलाई खुशी नै लागेको छ । यो विधेयले विशेषगरी, यो कोभिडले आक्रान्तमा भएको अवस्थामा विभिन्न पेशा, व्यवसायबाट मानिसहरू अप्ठ्यारोमा परेको बेलामा योे विधेयक वास्तवमा धेरै पहिला आउनुपर्थ्यो, हामीले जुन समृद्ध प्रदेश सुखी नागरिकको कल्पना गरेका थियौं त्यसमा सबै कुरा अर्थसँग जोडिने र एउटा उद्योगधन्दा, व्यापार, व्यवसायहरू नागरिकका दैनिक कृयाकलाप जीवनसँग जोडिने भएकोले जे जति हाम्रा उद्योगधन्दाहरू फस्टाउँछ र जे जति यो फर्म दर्ता हुन्छ त्यसले पनि सरकारको राजश्वमा वृद्धि हुने र त्यो राजश्वले पनि फेरी जनताको पक्षमा काम गर्ने वातावरण बन्ने । त्यसले प्रदेशमा विभिन्न हामी अहिले हामीले भनिराखेकै छौं ।

रोजगारका स्वरोजगारका जुन अप्ठयाराहरु परेका छन यस्ता कम्पनीहरु यस्ता प्राइभेट फर्म दर्ताले स्वरोजगरको पनि वातावरण खुलाउने त्यसो भएको हुनाले यो प्राइभेट फर्म दर्ता सम्बन्धी विधेयक एकदम महत्वपूर्ण छ र यो महत्वपूर्ण विधेयकलाई म र मेरो दलबाट पूर्ण समर्थन गर्न चाहन्छु र यसमा विभिन्न खालका ऐन नियमहरु राखिएको छ त्यसमा भनिएको छ ।

यो प्राईभेट फर्म दर्ता गर्ने क्रममा यसले आफ्ना काम गर्ने कुराहरूमा प्रत्येक जिल्लाबाट आफ्ना सेवा सुविधाहरू दिने र त्यी सेवा सुविधाहरुमा प्रत्येक नागरिकहरूले त्यस कार्यालयबाट आफ्ना कामहरू गर्ने सक्ने र अहिलेको वदलिदो परिस्थितिमा यसमा अनलाइनको सेवाबाट पनि सेवा सुविधाहरू जो विभिन्न खालको ऐन नियम राखिएको छ यसले अनलाईनबाट पनि सेवा दिने र प्रत्येक नागरिकहरूले त्यस सेवाबाट छिटो र छरितो किसिमले काम गर्ने अहिले यो प्रविधिलाई विशेष वातावरण मिलाएको छ, यो महत्वपूर्ण छ भन्ने मलाई लाग्दछ ।

यसले विभिन्न वातावरणबाट कामहरू गर्दा यसलाई अनुगमन पनि गर्ने, यो विधेयकमा विभिन्न बुँदाहरू प्रस्तुत गरेको छ यसले राम्रो भनेको छ । अझ विशेषगरी लक्षित वर्गहरूमा अझ उत्पीडित समूदायहरुलाई प्रोत्साहन गर्ने गरी यसले संवोधन गरेको छ यो महत्वपूर्ण छ । यसमा मलाई थोरै लागेको सुझावको रुपमा के कस्ता जटिलताहरु छन। यो फर्म दर्ता गर्ने क्रममा फेरी सरकारले बनाउला तथापी  यसमा मलाई थारै लागेको कतिपय ठाउँमा यो भूमिका कारणले उद्योग धन्दा गर्नेहरुलाई धेरै अप्ठेरो पनि खास उल्लेख भएको मैले देखिन । त्यसमा मेरै ठाउँमा विभिन्न ठाउँमा पनि मैले विभिन्न ठाउंमा उठाउने गरेको छु, काहीं कतै गुठीको ठुलो समस्या छ, त्यो गुठीको समस्या १२—१५ हजार नागरिक गुठीले प्रभावित छन् त्यो ठाउँमा उद्योगधन्दा खुलाउनु पर्ने कति रोपनी जग्गा चाहियो । तिरो तिरेको हुनु पर्ला । त्यसले विभिन्न काम गरेको हुनुपर्यो ।

त्यसले अन्य कुरा काम गर्नुपर्ने होला । त्यस्ता कुराहरुमा  गुठीको कारणले जमिन नभएकाहरुले धेरै नागरिकहरू अप्ठ्यारोमा परेको छ । त्यस्तै रघुगंगामा, अन्नपूर्णमा

मैले बारम्वार उठाउने गरेको छु त्यी ठाउँहरुमा भूमि नभएको कारणले उद्योगधन्दा खोल्न नसकिने, प्राइभेट फर्म दर्ता गर्न नसकिने र त्यो प्राइभेट फर्म दर्ता नभइसकेपछि राज्यसँग स्वत वन्चित हुने  अवस्था भएकोले यसमा सरकारले ध्यान पुर्याओस् र ल्याओस भन्नेमा शुभेच्छा व्यक्त गर्न चाहन्छु ।  सांच्चै यो महत्वपुर्ण विधेयक सदनमा पेश भएको छ यसलाई के सत्ता पक्ष के प्रतिपक्ष यो राम्रो कुराहरुलाई सबै एक साथ भएर छिटो भन्दा छिटो पास गरेर सरकारले राम्रोसंग कार्यान्वयनमा लैजाओस् भन्ने शुभेच्छा व्यक्त गर्दै यो प्राइभेट फर्म सम्बन्धी बनेको विधेयकमा मेरो समर्थन रहेको जानकारी गराउंदै मेरो भनाइ अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूति मन्त्री श्री मणि भद्र शर्मालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूति मन्त्री मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, सभामुखज्यूको आदेश अनुसार यस सदनमा विद्वान माननीयज्यूहरूले विधेयकको बारेमा राखुभएका जिज्ञासा मैले छोटकरीमा राख्न चाहन्छु। यो विधेयक यो सरकार निर्माण हुनुभन्दा पहिल्यै यहाँ दर्ता भएको थियो र छलफलको क्रममा हुँदाहुँदै सदन अवरुद्ध भएका कारणले ढिला हुन गएको । अहिले हामीले चाँडो भन्दा चाँडो यसलाई पारिते गराउने प्रयत्न गर्यौ र आज पारित हुने क्रममा पनि छ । यो विधेयकमा लक्षित वर्गलाई सहुलियत दिने ढंगले व्यवस्थापन भएको छ र अनलाइन सेवालाई पनि यो पनि भन्ने शब्दलाई ख्याल गर्दिनु भने पुग्नेछ जस्तो लाग्छ मलाई ।

अफलाईन सेवाको साथसाथै अनलाईन सेवालाई पनि जोड्दै जाने प्रोत्साहन गर्दै जाने भन्ने कुरा यहाँ समावेश भएको छ र कतिपय कुराहरू नियमावलीबाट, कार्यविधिबाट, मापदण्डबाट र निर्देशिकाबाट पुरा हुने हुंदा यो विधेयक सरल र छोटो रूपमा प्रस्तुत भएको व्यहोरा जानकारी गराउँदै आफ्ना भनाईहरू अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू,यो छलफल यहीँ समाप्त हुन्छ ।

अब म गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा समितिको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १देखि ६ सम्म उल्लेखित संसोधन सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,अब गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १देखि ६ सम्म उल्लेखित संसोधन गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १देखि ६ सम्म उल्लेखित संसोधन सर्वसम्मतिले गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा १ देखि ६ सम्म गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा बनेको विधेयकको अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ क्रमसंख्या १देखि ६ सम्म सर्वसम्मतिले गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना : उद्योग, व्यापार, व्यवसाय संचालन गर्न स्थापित प्राइभेट फर्मको दर्ता नविकरण सम्बन्धमा व्यवस्था गरी नागरिकको आर्थिक हित र सुविधा प्रवद्र्धन गर्दै प्रदेशको आर्थिक संमृद्धि हासिल गर्न वाञ्छनिय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

सक्षिप्त नाम र प्रारम्भः

१. यस ऐनको नााम : गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन २०७७ रहेको छ ।

२.	यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मालाई गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्न्रे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्माः**

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले सम्मानित सभामा २०७७ चैत्र २७ गते प्रस्तुत भई मिति २०७८ भाद्र २९ गते विधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदसहित गण्डकी प्रेदशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४, को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु । मणिभद्र शर्मा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दुकुमार थापालाई विधायन समितिको प्रतिवेदन सहित प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको परिश्रमिक र सुविधा सम्बन्धि ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताब पेश गर्न अनुमति दिन्छु ।

**माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ भाद्र २९ गते प्रस्तुत भई विधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदनसहित प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४, को नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस भनी प्रस्ताव पेश गर्दछु । विन्दुकुमार थापा कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री । मिति २०७८-६-५ ।

**माननीय सभामुख**

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यसको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन समितिको प्रतिवेदनसहितको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको परिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको लागी ७ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समयभित्र माननीय सदस्यहरूले आ—आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री मिनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री ओमकला गौतम ।

**माननीय सदस्य श्री मिनप्रसाद गुरुङ**

सभामुख महोदय, प्रदेश सभा पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन २०७४ संसोधन गर्ने यस सभामा प्रस्तुत भएको छ र यसमा छलफलको लागि सभामुखजीसँग अनुमति चाहन्छु । प्रथम त भर्खरै गण्डकी प्रदेशको नयाँ सरकार १०० दिनको यो मधुमास पूरा गरेर, हिजै मात्र अगाडि बढेको छ, त्यसको लागि म हार्दिक शुभकामना दिन चाहन्छु । स्वभाविक रूपले सरकार बन्दाखेरी पोखरा शहर त्यसै पनि मधुमासको लागि पर्यटनको शहर उपयुक्त शहर मानिन्छ । सरकार बन्दाताका सायद त्यही भएर होला, तारे होटलहरूमा राम्रो व्यवस्था सहित सरकारको मधुमासको यात्रा प्रारम्भ भएको छ । म शुभकामना दिन चाहन्छु कि सरकारको यो वहुशेचन प्रणालीबाट बनेको सरकारको खिमा सन्तानको अपेक्षा नहोस् जनताको अपेक्षा र मेरो अपेक्षा त्यही छ । हार्दिक शुभकामना ।

मलाई शुरुमै यो संसोधनकै कुरामाथि पहिलो संशोधन ल्याएको छ । हुन त यो विधेयक संसोधनको प्रकृयाको कुरा होलान मेरो अल्पज्ञानले, अगाडि पनि सेवा र सुविधा सम्बन्धि ऐनहरुमा संसोधन थपिएका छन । त्यहि भएर हुन सक्छ अहिले सभामुख मार्फत यो माननीय मन्त्रीज्यूले यसको अलिकता यसलाई बुझाइदिनु हुन्छ यो हिलो संशोधन होकी  अरु संशोधन पनि हो रु हुनत यहां पहिलो संशोधन भनिएको छ र यहि ऐनकै ७४ को ऐनले दफा २३ सायद त्यो अन्तिम दफा पनि हुन सक्छ, केहि अनुसूचीहरु थपघट गर्नलाई सरकारले पनि सक्ने व्यवस्था पनि भएको हुनाले सायद यस्ताा कुराहरू त्यहाँ पनि गर्न सकिन्थ्यो होला तर जेहोस् ऐन आएको छ र यो ऐन जसरी आएको छ जुन बेला आएको छ जुन विषयमा अहिले मेरो बिचारमा धेरै बुझाइहरू, धेरै टिप्पणीहरू हामी सुनिरहेका छौं र म यहाँ उभिरहँदा मेरो दलले पनि यो कुराहरुमा आफ्नो मत जाहेर गरिरहेको छ ।

स्वभाविक रूपले जसरी अहिले सरकार बन्दाताका नीति कुराले य प्रतिवद्धताको कुरा गरि रहेको बेलामा विकास सुशासन रोजगारका कुराहरुलाई प्राथमिकता दिने र कोभिडको कुरा जुन अतिनै जल्दोबल्दो छ अहिले त्यो कुरालाई प्राथमिकतामा बढिरहेको बेलामा र एउटा खाले राजनीतिक रूपले जनप्रतिनिधिले सरकारलाई हेर्ने दृष्टिकोण प्रणाली प्रति नै एउटा छलफल र एउटा प्रश्नचिन्ह खडा गररिहेको बेलामा, जे किसिमबाट यो विधेयकको कुरा सदनमा आएको छ मलाई लाग्छ हामी हुन कोभिडको कुरा गररिहने बेलामा अघिनै एउटा माननीयज्यूले यहां व्यक्त पनि गरि सक्नु भएको छ कि हामी हिजो दायाँ र बायाँ बस्ने बेलामा हाम्रा अभिव्यक्ति र हाम्रा प्रतिवद्धताहरूलाई हामी कहाँनिर संवोधन गरिरहेका छौं र त्यहि बेलामा हुन त अहिले सरकारमा रहेका माननीयज्यूहरू, सरकार पक्षका माननीयज्यूहरू त्यस्ता समस्या नहोला।

हिजो आफन्तहरूलाई हामी आइसियुका कुरा देखि लिएर क्वारेन्टाइनका कुरा खोजिरहन भौतारिइ रहन परेन होला त्यतिमात्र होइन अहिले पिसिआर देखि लिएर एन्टिजेन कुरा मात्रै नभएर अहिले खोपको कुरा गरिरने बेलामा यहांलाई अहिले मलाई लाग्छ हिजो आफन्तहरूका लागि अफिसमा गएर, आफन्तका कोठाहरुमा गएर पनि

सेवा प्राप्त भयो होला । तर अधिकांश जनताहरू जो समूहभन्दा माथिका छन्, ती दुरदराज मात्र होइन बजारमै अहिले नगरपालिका भित्रै पनि कतिपय व्यक्तिहरू लाइनमा बसेर २—३ चोटी गएर फर्किरहेको स्थिति छ । हुन त सरकारले अहिले भर्खरै १०० दिन पुरा गरेकोमा ४ लाख ५३ हजारको आँकडा, अहिले माननीय मन्त्रीज्यू भन्नुभयो ९१ हजार पुगेको छ, त्यो अपडेट भएको होला सायद । त्यो भन्दा पनि अधिकांश जनताहरू अहिले पनि खोपबाट प्रताडित भएका छन् ।

त्यो अपेक्षामा छ जनजीविका सरल बनाउनको लागि त्यसो भएर त्यहाँनिर ध्यान जान पर्ने बेलामा त्यति मात्रै नेपालीहरुको महान चाड शुरुवात भैरहेको छ। अहिले तीज गयो । अब दशैं तिहार लगायतका चाडहरु चाड आइरहेको छ । अघि मात्र मन्त्रीजीले यहां भन्नु भएको छ व्यवस्था गर्नु भएको छ । हामीहरू ती महंगीहरूको ३०देखि १०० प्रतिशत बढि हामीले देखिरहेका छौं । त्यतिमात्र हैन अहिले कतिपय अति आवश्यक सामग्रीहरूको वजारमा विस्तारै अभाव हुन थालेको छ ।

यहांहरुलाई थाहा नहुन सक्छ त्यहाँसम्म गृहिणीहरूको पहुँच हुने कुरामा हामी त्यहाँ नपुगेको होला तर अहिले सामानहरुको अभाव देखिरहेको छ । कृत्रिम अभावको कुरा, कालो बजारको कुरा त्यति मात्र होइन, मूल्य अभिवृद्धिको कुरा, अनुगमनको कुरा त्यहाँ अनुगमन गर्नु पर्ने हो कि होइन रु त्यतिमात्र होइन मलाई लाग्छ बाढीपहिरोको आक्रान्त हामी थुप्रै कुराहरु गयौं त्यसलाई सम्बोधनको प्रकृयाको कुरा पनि सरकारले त्यसको जवाफ दिइ रहनु भएको छ । तर अनुभूत गर्ने किसिमको अहिले पनि थुप्रै छाना विहिन व्यक्तिहरु वाढि पहिरोले अहिलेकै सालको बाढीपहिरोले ती व्यक्तिहरु बसिरहेका छन । त्यति मात्र होइन त्यो चाडबाडमा हामी टिका लाउने खेतहरु क्षत विक्षत पारेका अवस्थाहरू अनि त्यस्ता खेतहरू बगेर जनताहरू निराश भएर त्यसको तटवन्धको प्रतिक्षमा बसिरहनु भएको छ ।

यस्ता थुप्रै बाढिपहिरोबाट पुलपुलेसाहरु, पुलहरु, बाटाहरु अहिले चाडवपाडमा हिजों गाडीमा सर्रर जानेहरू पैदल जानु पर्ने यस्त झेलिरहेको अवस्थामा मलाईम लाग्छ यो प्रणालीलाईनै प्रश्न चिन्ह उठने गरेर त्यतिमात्र होइन मलाई लाग्छ । हाम्रो आर्थिक

वजेट प्रदेशकै कुरा गरिरहंने बेलामा पनि हाम्रो ठुलो भोलुम हामी अनुदानमा चाहे त्यो जुनसुकै अनुदानको कुरा होस अनुदानबाट हाम्रो  आफ्नै प्रदेशको आय र त्यसको स्रोत न्यून भएको बजेट बनिरहेको हामी प्रक्ष्ेपण गररिहेको बेलामा पूँजीगत खर्चलाई न्यूनतम प्रदान गरेर चालु खर्चमा यसले कहिंन कहिं टेवा दिने यी कुराहरु यो रूपमा विधेयक लक्षित वा विधेयकले निर्धारण गरिहने बेलामा विकास समृद्धिको कुरा गरि रहने बेलामा यो सरकार अग्रगामीे सरकार के पश्चगमनतिर जान खोजेको हो वा त्यस बारेमा जनताले प्रश्न उठाउने ठाउं राख्छकी राख्दैन भन्ने कुरा पनि गम्भिर प्रश्न हो भन्ने मलाई लाग्छ ।

त्यतिमात्र हैन निर्वाचनकै कुरा हामी निर्वाचित जनप्रतिनिहरूलाई निजी आयआर्जनको कुरा कहीँ अनि फेरी अर्को निर्वाचनमा जाने र यो प्रणालीकै कुरामा पनि त्यो प्रश्नचिन्ह खडा गर्ने भएको हुनाले यो विधेयक प्रति जे जसरी यहाँले हतारमा या अहिलेको सन्दर्भसंग यो सन्दर्भमा त्यो ल्याउन उपयुक्त थियो थिएन भन्ने कुरालाई मेरो दल र मेरो व्यक्तिगत विचारमाल पनि अहिले यो कुनै विति हाल्ने कुरा थिएन हतारो गर्नु पर्ने स्थिति थिएन र  हाम्रो आदर्शको कुरा गररिरहने  बेलामा पनि हाम्रो सबैको आदर्शको कुरा गर्ने बेलामा पनि यसले एउटा प्रश्नचिन्ह खडा गरेको छ । एउटा खोक्रो पन हाम्रो आदर्शमा खोक्रो पन ल्याएको मलाई महसूस हुन्छ र त्यो एउटा जनताको विश्वासमा कहिंनकहिं धमिरा लगाउने काम यो विधेयकले गर्छ यो सन्देश जान्छ होला भन्ने मेरो विश्वास छ(सभामुख माननीय सदस्य समय सिद्धियो) त्यसो भएको हुनाले मलाई लाग्छ यो वेमौसमको वाजा यो विधेयक यहाँ प्रस्तुत भएको छ,।

तपाईं कतै हामी रोमको कुरा सुन्छौं त्यहि बांसुरीको धुन जस्तो भएर जनप्रतिनिधिहरु खाली आफु आत्म केन्द्रित हुन्छन र जनताका सेवाका लागी जनताका समस्याका लागी या जनताको समस्यालाई सम्बोधन गर्ने सरकार बनेको छ भन्ने कुराको अनुभूति गर्नका लागी कहिं न कहिं यसले प्रश्न चिन्ह खडा गरेको छ । तसर्थ म र मेरो दल यो विधेयकको पूर्ण असहमति जाहेर गर्दै आफ्नो भनाइ अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य दिलमाया रोकामगर ।

**माननीय सदस्य श्री ओमकला गौतम**

माननीय सभामुख महोदय, सर्वप्रथम त म यो सातौं संविधान दिवसको आज २ दिन अगाडि हामी बढेका छौं । संविधान दिवसको उपलक्ष्यमा सम्पूर्णलाई हार्दिक वधाई दिन चाहन्छु । शुभकामना दिन चाहन्छु र त्यही संविधानको कारणबाट आज हामी र त्यही संविधानले नै व्यवस्था गरे अनुरूप आज हामी मृत संघीय सदन जीवित भएको छ र आज हामी पनि यस गरिमामय सभामा आफ्ना विचारहरु, आफ्ना अभिव्यक्तिहरू र जनताका कुराहरू राख्ने अवसर पाएका छौ । यो संविधान निर्माण गर्ने क्रममा सम्पूर्ण श्रद्धेय व्यकितत्वहरू जसले आफ्नो ज्यानको पनि आहुति दिए ती सहिदहरूप्रति सम्मान गर्दै सम्पूर्णलाई मैले हार्दिक वधाई दिन चाहन्छु र सरकारको पनि गठन भएको १०० दिन पूरा भएको छ । यो सरकारले १०० दिनमा थुप्रै काम गर्न खोजेको छ र यो सरकार गठनका प्रकृयाको विषयमा म जान चाहन्न हामी सबैलाई जग जागेर छ । कुन अवस्था, जुन परिस्थिति र कुन कालखण्डले आज यो सरकार मजबुत एउटा सम्मिश्रणबाट ढुंगा, माटो, सिमेन्ट बालुवाको सम्मिश्रण नभएसमम कुनै पनि महल मजुबुत हुन त्यसैगरी यो गठवन्ध सरकारको १०० दिन पूरा भएको छ यो सरकारलाई म हार्दिक शुभकामना दिन चाहन्छु ।

समिश्रणबाट बलियो नभएसम्म यो सरकार विकास निर्माणका कार्यहरूलाई अगाडि बढाउन सक्दैन, त्यो पूर्ण हुन सकोस् म यो सरकारलाई हार्दिक शुभकामना दिन चाहन्छु । आगामी दिनमा जनताका भावना अनुरूप विकास निर्माणका कार्यलाई अगाडि सहकार्य, सहयोग जुन अपेक्षा राखेका थिए जनताले त्यो पूर्ण हुन सकोस यो एकता कायम रहोस यो सहकार्य अगाडी बढोस सरकारलाई मैले शुभकामना दिन चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सभा पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक विधायन समितिबाट छलफल भई गरिमामय सभामा प्रस्तुत भइसकेको छ । प्रदेश सभा पदाधिकारी तथा सदस्यहरूले पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक विधायन समितिबाट व्यापक छलफल भएर आएको हो यहाँ । त्यसलाई घटाउनु पर्ने, बढाउनु पर्ने, जे जस्तो गर्नु पर्‍यो त्यो गरेर विधायन समितिमा आएर हामी अहिले दफावार छलफलको क्रममा छौं ।

सभामुख महोदय, अहिले हाम्रो प्रदेश सभामा ५ वटा राजनैतिक दल छौं सबै राजनीतिक दलले थ्रेसहोल्ड कटाएरै आएको हो । सबै दल राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल हुन् । पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधा थप गर्दा पक्कै पनि मुलुकमा आज बाढि पहिरो गएको छ । कोरोना महामारी छ, अन्य थुप्रै आवश्यकता छ विकास निर्माणका काम पनि गर्नु पर्नेछ । तर त्यो थप गर्दा केहि हामीलाई यो हाम्रो प्रदेशलाई केही आर्थिक व्ययभार बढ्छ नै । तर सभामुख महोदय, आर्थिक व्ययभार बढ्छ भन्दैमा हामीले यो भन्दा अगाडि लिएका सेवा सुविधा पनि छोडेका छैनौंनी माननीय सभामुख महोदय । त्यसकारणले आर्थिक व्ययभार बढ्छ भनेर जुन जुन व्यक्तिले सेवा सुविधा पाउनु पर्ने हो, जुन राजनीतिक दलले सबै राजनीतिक दललाई यो विधेयकले सम्मान गरेको मैले महसुस गरेको छु।

सबै राजनीतिक दलको अस्त्वित्व, सबै राजनीतिक दलको समान अधिकार सबै राजनीतिक दललाई एउटै दृष्टिकोणले सबैलाई मिलाएर लिएर जाने यो विधेयक आफैमा सुन्दर छ, यो अलि पहिल्यै आउनु पर्ने थियो माननीय सभामुख महोदय। यो सरकारले अहिले क्याविनेटबाट निर्णय गरेर यहाँ ल्यायो यसको लागी मैले सरकारलाई सांच्चै राजनीतिक दललाई हेर्ने दृष्टिकोण सकारात्मक रहेछ सबैलाई मिलाएर लैजाने सक्ने रहेछ भनेर मैले महसूस गरेको छु र यो विधेयक आउंदा सेवा सुविधाले व्ययभार थप्ने कुरामा मैले नकार्न सक्दिन थपिन्छ । तर त्यो गर्दै गर्दा त्यसले गर्दा कार्य दक्षता अनुगमनकारी प्रभावकारी यसले बनाउने काम गर्छ । विकास निर्माणलाई अझ बढि

थप टेवा दिन्छ । हामी १०० किलो मिटरको यात्रा तय गर्दै गर्दै गर्दा हामी पैदल पुग्न सक्दैनौं । हामीलाई साधन चाहिन्छ । हाम्रो पाइला कहां बढने हो त हाम्रो दुई पाइला रोकिने हो त ? होइन ।

त्यस कारणले हाम्रो गन्तव्य लामो छ त्यो गन्तव्य र त्यो सफलता हासिल गनलाई सेवा सुविधा सबै राजनीतिक पदाधिकारी, ड्राइभर, गाडी सुविधाहरूको आवश्यकता पर्छ त्यसैले यो भन्दा अगाडि पनि कसैले मलाई के लाग्छ भने यो बेला अवस्था होइन बेला अवस्था जटिलता जहिले पनि आउन सक्छ यो जटिलतालाई न्यूनीकरण गर्दै परेका समस्यालाई समाधान गर्दै यो बेलामा आएको छ । यो बोला अवस्थामा यो विधेयक आफैमा म र मेरो दलको तर्फबाट यसको समर्थन जनाउंदै मेरो भनाइहरु अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

अब माननीय सदस्य श्री दिलमाया रोका मगरलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री दिलमाया रोका मगर**

माननीय सभामुख महोदय, आज हामी यस गरिमामय सभामा प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकमाथि दफावार छलफलको क्रममा जुटेका छौं । मलाई लाग्छ यो विधेयकमाथि विधायन समितिमा छलफल भएर आइसकेको छ जस्तो मलाई लाग्छ र यसमा मलाई आफूलाई लागेको कुरा यहां राख्नु पर्दा सभामुख महोदय,यो दफा ६ को खण्ड घ को सट्टमा देहाएको घ राखिएको छ । सत्ता पक्षको प्रमुख सचेतक भन्नाले प्रदेश सभामा वहुमत प्राप्त संसदीय दलको नेता वा त्यसरी वहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्तापक्षको प्रमुख सचेतक भई काम गर्न तोकेको प्रदेश सभाको सदस्य सम्झनुपर्छ भन्ने राखिएको छ । तर यहाँ राखिनु पर्ने जरुरी छैन कि जस्तो मलाई लाग्दैन किनभने यो एक दल मात्र होइन यहाँ सर्वदलीय सबै दलको

प्रतिनिधित्व हुने भएकोले यो बुंदा यहां आवश्यक थियो या थिएन भन्दा पनि आवश्यक थिएन जस्तो मलाई लाग्छ र अरु कुरा सबै छलफल भएर आइसकेको छ ।

विधायन समितिमा छलफल भएर आइसकेको छ यसमा मलाई टिका टिप्पणी छैन। मलाई के लाग्छ भने, सबैभन्दा पहिलो कुरा विधी र प्रणाली हो जस्तो मलाई लाग्छ। हामीले के पायौं र के गुमायौं भन्दा पनि हामीले कस्तो विधि र प्रणालीको विकास गर्दैछौं र हामीले कस्तो विधि र प्रणाली बसाल्दैछौं भन्ने कुरा मुख्य हो जस्तो मलाई लाग्छ । मलाइ लाग्छ यो विशुद्ध सेवा सुविधा मात्र नभएर राजनीति दल सम्बन्धी ऐन २०७३ ले व्यवस्था गरे अनुसारको भन्दा गण्डकी प्रदेशका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा विपरित विधेयक ल्याइएकोले यो संसोधन गर्नु आवश्यक भएकोले यो विधेयक आएको हो जस्तो मलाई लाग्छ र मलाई के लाग्छ भन्दा माननीय सभामुख महोदय, अबका दिनमा सरकारले के पायो र के गुमायो भन्दा पनि जनताको भौतिक मानविय संसाधनको साथै आवश्यकता र समस्याहरुको सम्बोधन भयो कि भएन जनताले के कति विकास र जनताको के कति विनास र विकास भयो? त्यतातिर सरकारको ध्यान जान जरुरी छ ।

हामी जहां जसरी जुन अवस्थामा रहेका छौं यो अवस्थाले मात्रै जनताका आबश्यकता र समस्याहरु सम्बोधन हुंदैन र यसको समाधानको लागि हामीले जनताप्रति उत्तरदायी भएर जनता उत्तरदायी भएर काम गर्नुपर्छ भन्ने कुरा राख्दै मैले यो सेवा सुविधा विधेयकको संशोधन गर्न बनेको विधेयक माथि मेरो दल र मेरो तर्फबाट समर्थन रहेको जानकारी गराउंदै विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दुकुमार थापालाई सदनमा उठेको प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला विन्दुकुमार थापा**

सभामुख महोदय, आज हामी यो प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक २०७४ लाई संसोधन गर्न ल्याइएको विधेयकमाथि छलफलमा जुटिरहेका छौं र यो अहिले सैद्धान्तिक रुपमा सम्मानित सभामा सैद्धान्तिक छलफल सिद्धिसकेर विधायन समितिमा व्यापक रुपमा यो विधेयक उपर छलफल भएर परिमार्जनका साथ यहाँ हामी यो सम्मानित सभामा हामीले यो विधेयक माथि छलफल पनि सिद्धिसकेको अवस्था छ ।

सर्वप्रथम त विद्वान माननीयज्यूहरुबाट धेरै महत्वपूर्ण सुझावहरू र जिज्ञासाहरू आएको छन । म यसको हार्दिक सम्मान गर्न चाहन्छु । विशेष गरेर यो कोभिडको एउटा विकराल स्थिति र त्यसपछि बाढीपहिरोको यो वर्तमान अप्ठेरो परिस्थितिमा यो विधेयकलाई अहिले नल्याएर केहि समयपछि ल्याउंदा पनि हुन्थ्यो भन्ने खालको पनि माननीयज्यूहरुको सुझाव यहां आएको छ । विशेष गरेर यो विधेयकलाई हामीले धेरै नै अगाडि अघिल्लो सरकारको पालामा ल्याउन प्रयास नभएको होइन यद्यपी त्यो बेलामा सम्भव भएन । यो विधेयकले सदनमा प्रदेश सभामा जति पनि पार्टीको प्रतिनिधित्व रहेको छ ती सबै पार्टीहरूलाई एउटा सम्मान गर्ने, समान व्यवहार गर्ने सिद्धान्तमा आधारित भएर यो विधेयक ल्याइएको छ ।

यो संशोधन विधेयक ल्याइएको छ र यसले यो विधेयकले पक्का पनि आर्थिक व्ययभार सृर्जना गर्नेछ तथापि यो आर्थिक व्ययभार भन्दा पनि यसलाई यसले दिने रिजल्टहरू यो कोभिड १९ को समय र बाढिपहिरोको समयमा यसले केही सवारी साधनका सुविधाका कराहरु राखिएका छन । यसले कोभिड १९ र बाढि पहिरोको वर्तमान परिस्थितिमा त्यहांको अनुगमन गर्नको लागी, निरीक्षण गर्नको लागी यसले अलि छिटोछरितो त्यो खालको एउटा रिजल्ट राम्रो ल्याउन मद्दत पुर्याउंछ भन्ने मलाई लाग्छ र पक्का पनि यसले अलिकति यो आधारभूत आवश्यकता केहि समय अगाडि यो ४-५ वर्ष अगाडिको परिस्थिति र अहिलेको परिस्थिति अलि फरक पनि छ ।

यो अहिले सवारी साधनको सुविधा भन्ने कुरा यो एउटा आधारभूत आवश्यकतामा पनि भर पर्दछ । केही समय अगाडि हामी अलि लामो दुरीमा अरु सवारी साधनबाट पनि

जान सक्ने, हिँडेर पनि पुग्न सक्ने अवस्था थियो भने अहिले सवारी साधन नभईकन एउटा आधारभूत आवश्यकताको हिसावले पनि र यो माननीयज्यूहरूलाई पदीय हिसावले पनि हामीले केहि सवारी साधनको पनि थप व्यवस्था गरेका छौं । त्यो एउटा अनुगमनको लागि, निरीक्षणको लागि र आफ्नो कार्यक्रमको शिलशिलामा एउटा पदिय हिसाबले अगाडि बढनको लागी पनि यो विधेयक जरुरी थियो र त्ये अनुसार यसलाई अगाडि बढाइएको छ । यो विधायन समितिमा पनि यो विषयमा व्यापक छलफल गरेर यो विधेयकलाई यहां प्रस्तुत गरिएको छ र विद्वान माननीयज्यूहरूबाट पनि यो विषयमा धेरै कुराहरू आइरहेको छन र यो सबै माननीयज्यूहरूको सुझावलाई सम्मान गर्न चाहन्छु जुन खालको यो संसोधन विधेयक सरकारले पहिला पनि ल्याउन खोजेको थियो यो वेलामा सम्भव भएन र यो अहिले पहिलो संसोधनको रुपबाट यो विधेयक आएको छ र जहाँसम्म लाग्छ पूर्व वक्ता माननीयज्यूले दफा ६ को घ को सट्टा देहाएको खण्ड घ राखिएको छ भनेर राखिएको सन्दर्भमा त्यो बुंदाको सन्दर्भमा पनि विधायन समितिमा व्यापक रूपमा हामीले छलफल गरेका थियौं ।

यो अन्तर्राष्ट्रिय प्राक्टिस र हाम्रो संघीय कानून अनुसार संघीय विधेयक ऐन अनुसार पनि यसलाई सोहि रुपमा राख्नु पर्ने आवश्यकता भएको हुंदाखेरि त्यो दफा ६ को घ को सट्टामा देहायको खण्ड घ भनेर राखिएको छ यसले अलिकति द्विविधा खालको एउटा अर्थ सिर्जना गर्छ कि भन्ने खालको पनि देखिएको छ माननीयज्यूहरुको धारणा तर वास्तमा त्यो त्यसो होइन ।

माननीय मुख्यमन्त्रीज्यूले नै अरु अन्य दलको नेताहरुको सत्ता प्रमुख सचेतक तोक्न सक्ने भन्ने जुन कुराहरु यहां उल्लेख भएको छ र त्यो यहाँ प्राक्टिसमा अनुसार राखिएको हुंदा पनि त्यसलाई अन्यथा नलिइदिनु हुनको लागि पनि म अनुरोध गर्न चाहन्छु र मैले आफ्नो भनाई यहीं टुंग्याउन चाहन्छु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्यहरू,यो छलफल यहीं समाप्त हुन्छ ।

अब म प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको क्रम संख्या १ देखि ५ सम्म उल्लेखित संशोधनलाई निर्णयलाई प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्ष हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको वहुमत भएकोले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संसोधन वहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संसोधन प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको अंग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु.। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने माननीय सदस्यहरूको वहुमत भएकोले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १ देखि

५ सम्म उल्लेखित संसोधन बहुमतले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा १ देखि ५ सम्म प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको अंग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला र यस प्रस्तावको विपक्षमा हुनुहुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुनुहुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको वहुमत भएकोले विधेयकको १ देखि ५ सम्म वहुमतले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः

१. यो ऐनको नाम : प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी पहिलो संसोधन ऐन २०७८ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब विधेयकको प्रस्तावना र नाम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्ष मा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने माननीय सदस्यहरूको वहुमत भएकोले विधेयकको प्रस्तावना र नाम पारिश्रमिक सुविधा सम्बन्धि ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन सञ्चार तथा प्रदेश मामिला मन्त्री श्री विन्दुकुमार थापालाई प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय कानुन सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले, सम्मानित सभामा २०७८ भाद्र २९ गते प्रस्तुत भई विधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदसहित विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । विन्दुकमार थापा, कानुन सञ्चार तथा प्रदेश मामिला मन्त्री मिति २०७८-६-५ ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यस विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूको वहुमत भएकोले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक वहुमतले पारित गरेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको अधिवेशन अन्त्य गर्ने सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको म व्यहोरा पढेर सुनाउँछु।

मिति : २०७८-६-४ गते

विषय : प्रदेश सभाको चालु अधिवेशन अन्त्य गरिएको ।

श्री माननीय सभामुखज्यू,

प्रदेश सभा गण्डकी, प्रदेश पोखरा ।

प्रदेश सरकार गण्डकी प्रदेश मन्त्रीपरिषद्को सिफारिमा नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश सभाको चालु अधिवेशन संवत २०७८ साल असोज ५ गते मंगलबार राती १२ बजेट देखि अन्त्य गरेको छु ।

पृथ्वीमान
गुरुङ

प्रदेश प्रमुख

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो बैठक यहीँ स्थगित हुन्छ ।